# ‘सेतो बाघ’ उपन्यासको पात्रविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ
पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

झुल प्रसाद गुरुङ्ग
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

२०६९

# शोधनिर्देशकको मन्तव्य

**'सेतो बाघ' उपन्यासको पात्रविधान** शीर्षकको प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको स्नातकोत्तर तह, दोस्रो वर्षका छात्र श्री झुल प्रसाद गुरुङ्गले मेरा निर्देशनमा तयार पार्नुभएको हो । निकै मेहनतपूर्वक तयार पारिएको उहाँको यस शोधकार्यबाट म सन्तुष्ट छु र यो शोधप्रतिवेदन आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष प्रस्तुत गर्न सिफारिस गर्दछु ।

मिति : २०६९/०५ /

.............................................

**उपप्रा. डा. दुर्गाबहादुर घर्ती**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

# कृतज्ञता ज्ञापन

**'सेतो बाघ' उपन्यासको पात्रविधान** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतको स्नातकोत्तर तहको नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि मेरा गुरु उपप्रा. डा. दुर्गाबहादुर घर्तीको निर्देशनमा तयार पारेको हुँ । आफ्नो व्यस्तताको बाबजुत पनि यस शोध कार्यको तयारीका लागि आवश्यक सहयोग, सल्लाह एवम् सुझाउ प्रदान गरी कुशल निर्देशन गर्नुभएका आदरणीय गुरु प्रति म सर्वप्रथम हार्दिक आभार तथा कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्यका लागि अनुमति प्रदान गर्नाका अतिरिक्त समयानुसार आवश्यक सल्लाह एवम् सहयोग गरिदिनुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. देवीप्रसाद गौतम प्रति कृतज्ञ छु । शोधशीर्षक छनोटका निम्ति अत्यावश्यक सहयोग र सल्लाह प्रदान गर्नुहुने श्री बालाकृष्ण अधिकारी र विभागका अन्य गुरुज्यूहरुका साथै नेपाली केन्द्रीय विभागका कर्मचारीहरूप्रति म आभारी छु ।

मलाई यो अवस्थामा ल्याइपुऱ्याउने पूजनीय पितामाताप्रति म हार्दिक भक्तिभाव व्यक्त गर्दछु । त्यस्तै मेरो सफलताका लागि अनवरत रूपमा सहयोग पुऱ्याउने अग्रज दाजुहरू टीकाराम उदासी र टेक बहादुर के.सी. (आदिम) प्रति पनि म ऋणी छु । त्यस्तै मेरा मित्रहरू गणेश गौतम, सुजन वली, मुकुन्द गौतम, रसिक अधिकारी, त्रिलोकविक्रम कार्की, सन्दीप अधिकारी, इश्वर डि.सी. तथा स्थान अभावका कारण समावेश गर्न नसकिएका सहयोगी महानुभाव, निकायहरूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । शोधकार्य सम्पन्न गर्ने सन्दर्भमा छिटोछरितो ढङ्गमा कम्प्युटर टाइप गरिदिनु हुने पीयूस श्रेष्ठ र हरिदेव वलीलाई पनि धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेश गर्दछु ।

मिति : २०६९/०५/

....................................

**झुल प्रसाद गुरुङ्ग**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर
रो. नं. १२७

शैक्षिक सत्र २०६५/०६६

त्रिभुवन विश्व विद्यालय
मानविकी तथा सामाजिक सङ्काय
नेपाली केन्द्रीय विभाग कीर्तिपुर

# स्वीकृति-पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शाास्त्र सङ्काय अन्तर्गत विश्व विद्यालय क्याम्पसका छात्र झुल प्रसाद गुरुङ्गले त्रि.वि. स्नातकोत्तर नेपाली विषयमो दसौं पत्रको प्रयोजनको लागि प्रस्तुत गर्नुभएको **'सेतो बाघ' उपन्यासको पात्रधिान** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, (प्रा.डा. देवीप्रसाद गौतम) ........................................

२. शोधनिर्देशक, ( उपप्रा.डा. दुर्गाबहादुर घर्ती ) ........................................

३. बाह्य परीक्षक, (उपप्रा. गोपाल पैसाद गैरे) ........................................

मिति : २०६९/०५/

# सङ्क्षेपीकरण शब्दसूची

| | | |
|---|---|---|
| अ.शो. | : | अप्रकाशित शोधपत्र |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट (प्रवेशिका तह) |
| चौ.सं. | : | चौथो संस्करण |
| ज.ब.रा. | : | जङ्गबहादुर राणा |
| डा. | : | डाक्टर |
| ते.सं. | : | तेस्रो संस्करण |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | : | दोस्रो संस्करण |
| ने.के.वि. | : | नेपाली केन्द्रीय विभाग |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान |
| पाँ.सं. | : | पाँचौ संस्करण |
| प.सं. | : | पन्ध्रौं संस्करण |
| पृ. | : | पृष्ठ |
| प्रा. | : | प्राध्यापक |
| वि.सं. | : | विक्रम संवत् |
| सम्पा. | : | सम्पादक |
| ........ | : | केही छुटेको |

# विषयसूची


**परिच्छेद एक : शोधपत्रको परिचय** **१-६**

१.१ विषय प्रवेश १

१.२ समस्याकथन १

१.३ शोधका उद्देश्यहरू २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधकार्यको औचित्य ४

१.६ शोधकार्यको सीमा ५

१.७ शोधविधि ५

१.७.१ सामग्री सङ्कलन विधि ५

१.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार ५

१.८ शोधपत्रको रूपरेखा ५

**परिच्छेद दुई : औपन्यासिक पात्रको सैद्धान्तिक परिचय** **७-२०**

२.१ विषय प्रवेश ७

२.२ 'पात्र' शब्दको व्युत्पत्ति र अर्थ ७

२.३ 'पात्र'को परिभाषा ८

३.४ उपन्यासमा पात्रको स्थान ११

२.५ उपन्यासमा पात्रविधानको पद्धति १२

२.५.१ बाह्य चरित्रचित्रण १३

२.५.२ आन्तरिक चरित्रचित्रण १४

२.५.३ नाटकीय चरित्रचित्रण १४

२.६ पात्रको वर्गीकरणका आधार १५

२.६.१. लिङ्ग १७

२.६.२ कार्य १७

२.६.३ प्रवृत्ति १८

२.६.४ स्वभाव १८

२.६.५ जीवनचेतना १९

२.६.६ आसन्नता १९

२.६.७ आबद्धता १९

२.७ निष्कर्ष १९

**परिच्छेद तीन : डायमनशमशेर राणाको औपन्यासिक यात्रा र प्रवृत्ति २१-३८**

३.१ विषय प्रवेश २१

३.२ डायमनशमशेर राणाको सङ्क्षिप्त परिचय २१

३.३ साहित्य लेखनको प्रेरणा र प्रभाव २४

३.४ डायमनशमशेर राणाको औपन्यासिक यात्रा २६

३.५ डायमनशमशेर राणाका औपन्यासिक प्रवृत्तिहरू ३१

३.६ निष्कर्ष **३८**

**परिच्छेद चार : 'सेतो बाघ' उपन्यासमा प्रपुक्त पात्रविधान ३९-७६**

४.१ विषय प्रवेश ३९

४.२ **सेतो बाघ** उपन्यासको सङ्क्षिप्त परिचय ३९

४.३ **सेतो बाघ** उपन्यासको पात्रविधान ४६

४.३.१ प्रमुख पात्रहरू ४७

४.३.२ सहायक पात्रहरू ५५

४.३.३ गौण पात्रहरू ६५

४.३.४ अन्य सामान्य पात्रहरू ७२

४.४ निष्कर्ष ७४

**परिच्छेद पाँच : सारांश तथा निष्कर्ष ७६-७९**

५.१ सारांश ७६

५.२ निष्कर्ष ७९
**सन्दर्भसामग्रीसूची** **८०-८५**

## परिच्छेद एक

# शोध परिचय

### १.१ विषय परिचय

ऐतिहासिक उपन्यासकार डायमनशमशेर राणा (वि.सं.१९७५-२०६७) नेपाली साहित्यका प्रतिभाशाली व्यक्तिŒव हुन् । उनका **बसन्ती** (२००६), **सेतो बाघ** (२०३०), **प्रतिवद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **अनीता** (२०४३), **धनको धब्बा** (२०५१) र **गृहप्रवेश**(२०५९)गरी जम्मा सातवटा चर्चित उपन्यासहरू प्रकाशित भइसकेका छन् । यी उपन्यासहरू मध्ये वि.सं.२०३० सालमा प्रकाशित **सेतो बाघ** राणाको एक महत्वपूर्ण ऐतिहासिक उपन्यास हो । प्रथम संस्करण २०३० सालकै भए पनि २०६८ सालको रत्न पुस्तक भण्डारको पन्ध्रौँ संस्करण अनुसार यसमा सानाठूला गरी करीव ४३ परिच्छेद र जम्मा ३५२ पृष्ठ रहेका छन् ।

उपन्यास भित्रका सम्पूर्ण पात्रहरूको समायोजन नै पात्रविधान हो र ती पात्रहरूले गर्ने क्रियाकलापहरू नै ती पात्रहरूको मुख्य भूमिका भनिन्छ । यस **सेतो बाघ** उपन्यासमा पनि विभिन्न पात्रहरूको समायोजन गर्ने क्रममा प्रथमतः ऐतिहासिक र काल्पनिक पात्रहरूको प्रयोग गर्दै पात्रहरूलाई लिङ्ग, स्वभाव, भूमिका, वर्ग आदिका आधारमा पनि प्रस्तुत गर्न सकिने देखिन्छ । जसले गर्दा यस शोधपत्रको औचित्य र महŒव देखिन्छ । **सेतो बाघ** कै सेरोफेरोमा रही यस उपन्यासका पात्रविधान र उपन्यासमा प्रपुक्त पात्रहरूको चरित्रचित्रण र भूमिका निरूपण गर्नु नै यस शोधपत्रको विषय रहेकोछ ।

### १.२ समस्याकथन

नेपाली साहित्यको इतिहासमा ऐतिहासिक उपन्यासकारका रूपमा परिचित डायमनशमशेर राणाका सात वटा उपन्यास प्रकाशित भइसकेका छन्। उनको जीवनी व्यक्तित्वको अध्ययन र केही उपन्यासको कृतिपरक अध्ययन भएता पनि **सेतोबाघ** उपन्यासको वृहत्तररूपमा पात्रगत आधारमा हालसम्म पनि अध्ययन हुन नसकेकोले निम्न लिखित समस्यामा केन्द्रित रही यस शोधपत्र तयार गरिएको छ :

(क) **सेतो बाघ**मा पात्रविधान के कस्तो छ ?

(ख) पात्रविधानका दृष्टिले **सेतो बाघ** के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधपत्रको उद्देश्य यस प्रकार रहेको छ :

(क) **सेतो बाघ**मा पात्रविधानको वैशिष्ट्य निरुपण गर्नु ।

(ख) पात्रविधानका दृष्टिले **सेतो बाघ**को मूल्याङ्कन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

डायमनशमशेरको **सेतो बाघ** उपन्यास नेपाली उपन्यासको इतिहासमा चर्चित ऐतिहासिक उपन्यासका रूपमा देखा परेकोछ । **सेतो बाघ**का पात्रहरूका बारेमा यस पूर्व पनि केही सामान्य चर्चा गरिएको देखिन्छ । यहां ती कार्यहरूको समीक्षा कालक्रमिक रूपमा गरिएको छ ।

कमलमणि दीक्षित (२०३०) ले **सेतो बाघ** पुस्तकको "परिचय" शीर्षकको भूमिकामा **सेतो बाघ** उपन्यास भित्रका पात्रहरू जङ्गबहादुर र जगतजङ्गको बारेमा सामान्य चर्चा गरेका छन् ।

नयनराज पन्त सहायक दिनेशराज पन्त (२०३१) ले **रूपरेखा** पत्रिकामा *सेतो बाघको ऐतिहासिक परीक्षा* नामक शीर्षकमा रही यस उपन्यासमा प्रयुक्त पात्रहरू जगतजङ्ग, बमबहादुर, त्रैलोक्य, वीरशमशेर, शाहज्यादी, धनहजुरी, जङ्गबहादुर आदिको सामान्य चर्चा गरेका छन् ।

चित्तरञ्जन नेपाली (२०३१) ले **रूपरेखा** पत्रिकामा *ऐतिहासिक पृष्ठभूमिमा सेतो बाघ* शीर्षक दिएर **सेतो बाघ** उपन्यासमा प्रयुक्त पात्रहरू जगतजङ्ग, वीरशमशेर, सोमनाथ, शाहज्यादी, धनहजुरी, जङ्गबहादुर आदिको सामान्य चर्चा गरेका छन् ।

गङ्गाप्रसाद उप्रेती (२०३५)ले **रूपरेखा** पत्रिकामा *प्रसङ्ग प्रतिबद्धको चर्चा वसन्ती र सेतो बाघ समेतको* शीर्षक मा **सेतो बाघ** उपन्यासका पात्रहरू जगतजङ्ग, वीरशमशेर, शाहज्यादी, धनहजुरीको सामान्य चर्चा गरेका छन् ।

कृष्णचन्द्र घिमिरे (२०३८) ले **अरूणोदय** पत्रिकामा *उपन्यासकार डायमनशमशेर राणासँग लिइएको अन्तर्वार्ता* शीर्षक अन्तर्गत राणाका **वसन्ती, सेतो बाघ र प्रतिबद्ध** गरी तीनवटा उपन्यासको चर्चा गर्दा **सेतो बाघ** उपन्यासका पात्र जङ्गबहादुर र जगतजङ्गको पनि सामान्य झलक दिएका छन् ।

माधवप्रसाद पोखरेल (२०३९) ले **जूही** पत्रिकामा *डायमनशमशेरका उपन्यास* शीर्षकको विश्लेषण गर्ने क्रममा **सेतो बाघ** उपन्यासमा प्रयुक्त पात्रहरू खड्गशमशेर, रणोद्दीपसिंह, जगतजङ्ग, शाहज्यादी, सोमनाथ आदिको सामान्य चर्चा गरेका छन् ।

घट्टराज भट्टराई (२०४०) ले **प्रतिभै प्रतिभा र नेपाली साहित्य**मा डायमनशमशेर राणाको परिचय दिने क्रममा जङ्गबहादुर र जगतजङ्गलाई **सेतो बाघ** उपन्यासको मुख्य चरित्र भनी उल्लेख गरेका छन् ।

कुसुम शर्मा (२०४२) ले **उपन्यासकार डायमन शमशेर राणाको जीवनी, व्यक्तित्व र कृतिको विश्लेषण** नामक अप्रकाशित शोधग्रन्थमा **सेतो बाघ** उपन्यासको विश्लेषण गर्दै उपन्यासमा प्रयुक्त पात्रहरूको वर्गीकरण गर्ने सानो प्रयास गरेकी छिन् ।

भोलानाथ रेग्मी (२०५४) ले **डायमन शमशेर राणाको ऐतिहासिक उपन्यास** नामक अप्रकाशित शोधग्रन्थमा **सेतो बाघ** लाई ऐतिहासिक उपन्यासको रूपमा चर्चा गर्दै पृष्ठ ८७ देखि ९१ सम्म **सेतो बाघ**मा प्रयुक्त पात्रहरू जङ्गबहादुर, जगतजङ्ग, शाहज्यादी, धनहजुरी, श्री ५ सुरेन्द्र आदि पात्रहरूको बारेमा सामान्य व्याख्या गरेका छन् ।

समीना गौतम (२०५८)ले आफ्नो अप्रकाशित शोधग्रन्थ **विभिन्न कोणबाट सेतो बाघ उपन्यासको विश्लेषण र मुल्याङ्कन**मा **सेतो बाघ** उपन्यासका प्रमुख पात्रहरू जगतजङ्ग, जङ्गबहादुर, शाहज्यादी, सुरेन्द्र, त्रैलोक्य आदिको सामान्य चर्चा गरेका छन् ।

कुमारप्रसाद कोइराला (२०६३)ले **मधुपर्क**मा *डायमनशमशेरको औपन्यासिक सफलता* शीर्षक दिएर राणाको औपन्यासिक सफलताको चर्चा गर्दै **सेतो बाघ** उपन्यासमा प्रयुक्त पात्र जङ्गबहादुरको पनि नामोल्लेख गरेका छन् ।

ज्ञानेन्द्र विवश (२०६३) ले **मधुपर्क**को *ऐतिहासिक उपन्यास र डायमनशमशेर राणा* शीर्षकमा **सेतो बाघ** उपन्यासमा प्रयुक्त पात्र जङ्गबहादुर र उनका छोरा जगतजङ्गको चर्चा गर्न पुगेका छन् ।

गोविन्दराज भट्टराई (२०६५) ले **आख्यानकार डायमन**को *सेतो बाघको सिंहाबलोकन र मायिक यथार्थवादका पुनर्पठन* नामक शिर्षकमा **सेतो बाघ**लाई मायिक यथार्थको कसिमा घोल्दै **सेतो बाघ** उपन्यासमा प्रयुक्त पात्रहरू जङ्गबहादुर, जगतजङ्ग, शाहज्यादी, सोमनाथ, देवशमशेर आदि पात्रहरूको चर्चा गर्ने जमर्को गरेका छन् ।

हेमचन्द्र भन्डारी (२०६५) ले **आख्यानकार डायमन**को *सैद्धान्तिक आधारमा डायमनशमशेरको सेतो बाघ* नामक शीर्षकमा **सेतो बाघ**को समय जङ्गबहादुरको लामो

अवधि भित्र परे पनि जगतजङ्गलाई केन्द्रीय पात्र मान्नुका साथै सोमनाथ जस्तो पात्रलाई निरङ्कुशता बिरोधी वर्गीय पात्रको रूपमा चर्चा गरेका छन् ।

पुरुषोत्तमशमशेर ज.ब.रा. (२०६५) ले **श्री ३ हरूको तथ्य वृत्तान्त** (भाग–१) नामक ऐतिहासिक पुस्तकमा श्री ३ जङ्गबहादुर राणा, श्री ३ रणोद्दीपसिंह तथा श्री ३ वीरशमशेरको आद्योपान्त वृत्तान्त दिएका छन् ।

नेत्र एटम र कृष्णहरि बराल (२०६६) ले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**मा **सेतो बाघ**का पात्र जङ्गबहादुर र वीरशमशेरको सामान्य चर्चा गरेका छन् ।

तुलसीहरि कोइराला (२०६७) ले **मधुपर्क**मा *डायमनशमशेरको औपन्यासिक सफलता* शीर्षकको लेखमा **सेतो बाघ** उपन्यासको कालखण्डको चर्चा गर्दै जङ्गबहादुरको पनि नाम उल्लेख गरेका छन् ।

टीकाराम पोखरेल (२०६८) ले सन्दर्भः डायमनशमशेर राणा **ऐतिहासिक उपन्यास सिद्धान्त र स्वरूप** नामक पुस्तकमा **सेतो बाघ** उपन्यासमा प्रयुक्त जगतजङ्ग, जङ्गबहादुर, श्री ५ शाहज्यादी, सोमनाथ, त्रैलोक्य, नरेन्द्र आदि जस्ता पात्रहरूको सामान्य चरित्रचित्रण गरेका छन् ।

दुर्गाप्रसाद अर्याल (२०६९) ले **डायमनशमशेर चिन्तन र चित्रण** नामक पुस्तकमा *ऐतिहासिक उपन्यासकार डायमनशमशेर राणा* नामको शीर्षकमा **सेतो बाघ** उपन्यासमा प्रयुक्त पात्र रणोद्दीपसिंह, जगतजङ्ग र वीरशमशेरको सामान्य चर्चा गरेका छन् ।

खगेन्द्रप्रसाद लुइटेल (२०६९) ले **डायमनशमशेर चिन्तन र चित्रण** नामक पुस्तकमा *ऐतिहासिक उपन्यासकार डायमनशमशेर राणा* शिर्षक दिएर **सेतो बाघ**मा पात्रहरू जगतजङ्ग र वीरशमशेरको सामान्य चर्चा गरेका छन् ।

हालसम्म **सेतो बाघ** उपन्यासको पात्रको सम्बन्धमा विभिन्न टीका–टिप्पणी, चर्चा–परिचर्चा तथा छिटफुट रूपमा भएका छन् । यी अध्ययनहरूमा **सेतो बाघ**को पात्रगत क्षेत्रमा झिनो चर्चा गरे पनि बृहत्तर रूपमा विश्लेषण नगरिएकाले चर्चिएका पूर्वाध्ययनहरू त्यस मानेमा अपूर्ण नै देखिने हुँदा यो शोधपत्रको औचित्य रहेकोछ ।

### १.५ शोधको औचित्य

डायमनशमशेर राणा एक प्रसिद्ध ऐतिहासिक उपन्यासकार हुन् । उनको जीवनी व्यक्तित्व तथा उपन्यासकारिताको चर्चाका साथै केही उपन्यासहरूको कृतिपरक अध्ययन भए तापनि **सेतो बाघ** उपन्यासभित्र प्रयुक्त पात्रहरूको बिस्तृत अध्ययन कसैबाट पनि

नभएकोले उक्त अध्ययन अत्यन्तै आवश्यक, सान्दर्भिक र औचित्यपूर्ण देखिन्छ । साथै यो अनुसन्धानले नेपाली साहित्यमा रुचि राख्ने, भविष्यमा डायमनशमशेर राणा र उनका अन्य कृतिहरूमा  अध्ययन गर्नेहरूका लागि पनि सहयोग पुऱ्याउने छ । त्यसैले गर्दा यो शोधपत्र औचित्यपूर्ण रहेको छ ।

### १.६ शोधको सीमा

उपन्यासकार डायमनशमशेर राणाको जीवनी, औपन्यासिक प्रवृत्ति र चरण विभाजन गर्दै उनको ऐतिहासिक उपन्यास **सेतो बाघ**को  पात्रविधानको अध्ययन गर्नु यस शोधपत्रको सीमा हो ।

### १.७ शोधविधि

यस शोधविधि अन्तर्गत निम्नलिखित दुई उपशीर्षकहरू राखिएकोछ :

### १.७.१ सामग्री सङ्कलन विधि

यस शोधपत्रको शीर्षक **सेतो बाघ**को पात्रविधान रहने भएकाले **सेतो बाघ** उपन्यास प्राथमिक स्रोतको सामग्री रहनुका साथै **सेतो बाघ**मा प्रयुक्त पात्रहरूका बारेमा गरिएका पूर्वाध्ययनहरू द्वितीय स्रोतको सामग्री रहेका छन् । शोधपत्र लेखनका क्रममा  पुस्तकालयीय विधिका आधारमा सम्बद्ध पुस्तक, पत्र-पत्रिका तथा समीक्षात्मक लेख आदिको अध्ययन गरी सामग्री सङ्कलन गरी प्रस्तुत शोधपत्र तयार पारिएकोछ ।

### १.७.२ सामग्री विश्लेषणको सैद्धान्तिक आधार

यस शोधका सैद्धान्तिक आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, जीवनचेतना, आसन्नता र आबद्धता हुने । यीनै आधारमा सङ्कलित सामग्रीहरूको अध्ययन गरी वर्णनात्मक, विवरणात्मक र विश्लेषणात्मक सैद्धान्तिक आधारहरूद्वारा यो शोधकार्य तयार पारिएको छ ।

### ८. शोधपत्रको रूपरेखा

यस शोधपत्रको संरचनालाई सङ्गठित तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । यसबाहेक अध्ययनको क्रममा आवश्यकताअनुसार उक्त परिच्छेदहरूमा थप शीर्षक तथा उपशीर्षकहरूको समेत व्यवस्था गरी अध्ययन गरिएको छ । यसको प्रमुख भागहरूलाई निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरिएको छ :

**पहिलो परिच्छेद : शोधपरिचय**

**दोस्रो परिच्छेद  : औपन्यासिक पात्रको सैद्धान्तिक परिचय**

तेस्रो परिच्छेद : डायमनशमशेर राणाको औपन्यासिक यात्रा र प्रवृत्ति

चौथो परिच्छेद : 'सेतो बाघ' उपन्यासमा प्रयुक्त पात्रविधान

पाचौँ परिच्छेद : सारांश र निष्कर्ष

सन्दर्भसामग्रीसूची

# परिच्छेद दुई

# औपन्यासिक पात्रको सैद्धान्तिक परिचय

## २.१ विषय प्रवेश

प्रस्तुत शोधपत्रको यस परिच्छेदका रूपमा औपन्यासिक पात्रको सैद्धान्तिक परिचय दिइएको छ । उपन्यासमा प्रयुक्त पात्रहरूलाई विश्लेषण गर्ने क्रममा औपन्यासिक सिद्धान्तले पनि मद्दत पुऱ्याउने हुँदा 'पात्र' शब्दको अर्थ, परिभाषा, उपन्यासमा पात्रको स्थान, पात्र विधानको पद्धति र पात्र वर्गीकरणका आधार जस्ता उप-शीर्षकहरूमा सीमित रही यो परिच्छेद टुङ्गिएको छ ।

## २.२ 'पात्र' शब्दको व्युत्पत्ति र अर्थ

उपन्यासमा घटना वा कथानकलाई गति प्रदान गर्ने व्यक्तिलाई बुझाउने 'पात्र' शब्दको मुख्य स्रोत संस्कृत भाषा हो । 'पात्र' शब्दको सामान्य अर्थ जलाशय, दान पाउन योग्य व्यक्ति, कुनै वस्तुको आधार भाँडो, राजाको मन्त्री, अभिनेता, नहर, योग्यता, आदेश, दानपत्र भन्ने हुन्छ (आप्टे, ई.सं.१९६९ : ६०३) । पात्रको समानार्थी शब्द चरित्र पनि हो । चरित्र शब्दको निर्माण 'चर्' धातुमा 'इत्र' प्रत्यय लागेर भएको हो, जसको चालचलन, व्यवहार, अभ्यास, काम, इतिहास, आत्मकथा, साहसिक कथा, प्रवृत्ति जस्ता विभिन्न अर्थ हुन्छ (आप्टे, ई.सं.१९६९ : ६०३) । त्यसै गरी 'पात्र' शब्दलाई नाटक, कथा, काव्य, उपन्यास आदि साहित्यिक विधामा वर्णन गरिएको नायक, नायिका वा अन्य कुनै व्यक्ति भनेर अर्थ्याइएको छ (पोखरेल, २०५० : ८१२) । कोशीय अर्थका दृष्टिले यस शब्दको विभिन्न अर्थ लाग्ने भए तापनि साहित्यिक सन्दर्भमा नाटकको पात्र, अभिनेता तथा काव्य, कथा, उपन्यास आदिका नायक, नायिका तथा अन्य व्यक्तिहरू भन्ने अर्थ नै उपयुक्त देखिन्छ (घर्ती, २०६७ : ८२) । संस्कृत साहित्यमा परापूर्वकालदेखि नै नाटकका सन्दर्भमा वस्तु, नेता र रसको व्याख्या हुने देखिन्छ । धनञ्जयले पनि नाटकका प्रमुख तŒवको चर्चा गर्ने क्रममा वस्तु, नेता र रस मध्ये नेतालाई पात्रको रूपमा चर्चा गरेका छन् (धनञ्जय, २०१९ : ७) । त्यस्तै भरतमुनिले पनि आफ्नो कृति **नाट्यशास्त्र**मा नायक, नायिका तथा अन्य व्यक्तिहरूको रूपमा पात्रलाई विवेचना गरेका छन् । फलस्वरूप संस्कृत साहित्यको नेताले नै नेपाली साहित्यमा पात्रको रूप धारण गरेको मानिन्छ ।

'पात्र' शब्द अङ्ग्रेजी साहित्यको क्यारेक्टर (ऋजबचबअतभच) शब्दको पर्यायवाचीका रूपमा प्रचलित छ, जसको आदि स्रोत ग्रीक शब्द (प्जबचबपतभच) हो । साहित्यमा पात्रको पारिभाषिक रूप सत्रौं शताब्दीमा प्रचलित भएको हो (कडन, ई.१९९२ : १३५) । ऋजबचबअतभच शब्दको अर्थ अंकित गरिएको वा छाप लगाइएको चिन्ह भन्ने बुझिन्छ ( एसेन्क, ई.१९७२ : १५७) । प्राचीन ग्रीसेली साहित्यमा एरिस्टोटलले पात्रलाई त्रासदिका सन्दर्भमा चर्चा गरेका छन् । अङ्ग्रेजीमा ऋजबचबअतभच शब्दको कोशीय अर्थ अङ्कित गर्नु, छाप लगाउनु, नाम लेख्नु, अभिनय गर्नु, प्रतिक वा सङ्केतद्वारा प्रस्तुत गर्नु, चित्रित गर्नु, गुण वर्णन गर्नु, निश्चित लक्ष्यणद्वारा भेद देखाउनु आदि हुन्छ (मरे, १९३३ : २८१) । यी विभिन्न कोशीय अर्थले अहिले प्रचलित ऋजबचबअतभच शब्दलाई पूर्ण रूपमा वहन गर्न सकिएको देखिन्न ।

कोशीय अर्थलाई दृष्टिगत गर्दा पात्र शब्दले व्यक्तिलाई र चरित्र शब्दले व्यक्तिका स्वभाव, व्यवहार, आदत, बानी, चालचलन आदिलाई बुझाउँछ (घर्ती, २०६७ : ८२) । खासगरी आख्यानमा देखा पर्ने व्यक्तिहरू विभिन्न प्रकारका नैतिक अभिवृत्तीय गुणहरूले युक्त हुन्छन् । यसै अभिलक्षणका कारण तिनलाई चरित्र भनिन्छ (बराल र अन्य सम्पा., २०५५ : २७०) । त्यसले गर्दा पात्रको कोशीय अर्थ व्यक्ति र चरित्रको अर्थ पात्रको बानी व्यवहार भन्ने बुझिन्छ ।

## २.३ 'पात्र'को परिभाषा

उपन्यासको एक अनिवार्य सङ्घटकका रूपमा पात्र नै हुन्छ भन्ने बारेमा पूर्वीय र पाश्चात्य विद्वान् कसैको दुईमत छैन । तर पनि पात्र/चरित्रलाई परिभाषित गर्ने क्रममा विभिन्न शब्दकोश, ज्ञानकोश तथा विद्वानहरूको आ- आफ्नै धारणा रहेको पाइन्छ । ती परिभाषाहरूलाई क्रमबद्ध रूपमा निम्नानुसार दिइएको छ ।

क) अरिष्टोटल

"चरित्र त्यो हो जसले हामीलाई अभिकर्ताहरूमा केही गुणहरू आरोपित गर्छ र चरित्र त्यसलाई भनिन्छ, जसले कुनै व्यक्तिका रूचि, अरूचिको प्रदर्शन गर्नुका साथै नैतिक प्रयोजनलाई व्यक्त गर्दछ" ( त्रिपाठी, २०५८ : ६०) । नैतिक प्रयोजनलाई प्रदर्शन गर्ने प्रमुख तत्व नै चरित्र हो ।

ख) एम.एच. अब्राम्स

“पात्रले नाटकीय वा आख्यानात्मक कार्यमा व्यक्तिको प्रतिनिधित्व गर्दछन्” ( अब्राहम्स, ई.२००० : ३२) । नाटक वा कथा र उपन्यास जस्ता आख्यानात्मक विधामा व्यक्तिको प्रतिनिधित्व तŒव नै पात्र हो ।

ग) रबर्ट स्कोलस

“उपन्यासमा पात्रहरू वास्तविक मान्छे जस्तै हुन्छन्” (स्कोलस, ई. १९९७ : १२९) । सबर्टले मानवेतर मात्रको सन्दर्भ उठाएको नपाइने हुँदा उनको कथन अपूर्ण नै ठहर्छ ।

घ) डब्लु.जे. हार्भ्रे

“पात्र अवस्था सम्वन्ध परिस्थितिहरूको योगमा हाम्रा अनुभवहरूको समुच्चय हो” ( हार्भ्रे, ई.१९६५ : ३१) । हाभ्रेले हाम्रा अनुभवहरूलाई मात्र पात्रको रूपमा उद्घाटित गरेको देखिन्छ ।

ङ) हिन्दी साहित्यकोश

“पात्र कथात्मक साहित्यको अत्योत्तम तŒव हो, जसद्वारा कथाको घटनाहरू घट्दछ, अथवा जो ती घटनाहरूबाट प्रभावित हुन्छ” (वर्मा,ई. १९८५ : ३७८) । यस परिभाषाले पात्रहरूद्वारा कथाको घटना घट्ने भएकोले कथानक र पात्र बीच घनिष्ठ सम्बन्ध रहेको कुरा स्पष्ट गर्दछ ।

च) कैलास प्रकाश

“स्थल रूपमा कथावस्तु नै उपन्यासको आधार हो, तर कथावस्तुको आभ्यान्तरिक अङ्ग त चरित्र नै हो” (प्रकाश, ई.१९६२ : ३१) । चरित्रले नै कथानकलाई डोऱ्याउने काम गरेको देखिन्छ ।

छ) राजेन्द्र सुवेदी

“मानव जीवनको व्यापक भाष्य उतार्ने तŒव नै चरित्रि हो” (सुवेदी, २०६४ : २३) । सुवेदीको परिभाषामा मानवको सभ्यता र समाजलाई बुÓने प्रमुख आधार चरित्र नै हो भन्न सकिन्छ ।

ज) हिमांशु थापा

“घटना वा वस्तु रचनाको आधार नै उपन्यासका पात्र हुन्” (थापा, २०४७ : १२८) । उनका अनुसार वस्तु र घटनाको संयोजन तŒवको रूपमा चरित्रलाई प्रस्तुत गरिएको छ ।

झ) कृष्णचन्द्रसिंह प्रधान

“मान्छेको स्वभाव, व्यवहार र उसबाट निर्मित समाजको सामाजिक रीतिस्थिति र संस्कृति आदिको प्रतिबिम्ब चरित्रले उतार्छ” (प्रधान, २०६१ : ८) । यस परिभाषामा प्रधानले सामाजिक वैयक्तिक वा मानवीय आधारमा पात्रहरूका वैविध्यको र विविधता भित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्र चित्रणको लक्ष्य मानेका छन् ।

ञ) कृष्णहरि बराल र नेत्र एटम

“उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ” (बराल र एटम, २०६६ : २७) । उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महŒवपूर्ण जिम्मेवारी पात्रको हुन्छ ।

ट) ईश्वर बराल

“पात्र नभएको उपन्यास पनि हुन्छ भन्ने कल्पना गर्न सकिन्न तर चरित्र मानव प्राणीमात्र नभई पशुपंक्षी र निर्जीव वस्तु पनि हुन सक्छन्” (बराल, सं.२०५५ : ५८) । बरालको मान्छेको अतिरिक्त अन्य जुनसुकै प्राणी तथा ढुङ्गा, माटो आदि पनि पात्र हुन सक्छन् भन्ने धारणा छ ।

ड) दुर्गाबहादुर घर्ती

“उपन्यासका घटनासँग सम्वद्ध व्यक्तिलाई पात्र भनिन्छ” (घर्ती, २०६७ : ८३) । पात्रले नै कथानकलाई डोऱ्याउने महŒवपूर्ण जिम्मेवारी निर्वाह गर्दछ ।

उपर्युल्लिखित सम्पूर्ण परिभाषाहरूलाई हेर्दा कथानकलाई गति प्रदान गर्ने जुनसुकै प्राणीहरू तथा निर्जीव वस्तुहरू पनि पात्र/चरित्र हुन सक्ने कुरा विदित हुन्छ । पात्रबिना उपन्यास अपाङ्ग जस्तै हुन्छ ।

### ३.४ उपन्यासमा पात्रको स्थान

उपन्यास वृहत जीवनको परिचय दिने विस्तृत कथानक भएको आख्यानात्मक गद्य रचना हो । यो आधुनिक साहित्यको सर्वाधिक लोकप्रिय विधा पनि हो । उपन्यास पनि अन्य विधाहरू जस्तै विविध तŒवहरूबाट निर्मित हुन्छ, जसमध्ये पात्र पनि एक तŒव हो । उपन्यासमा मानवीय जीवनको विभिन्न पक्ष र विषयलाई कथानकका रूपमा प्रस्तुत गरिएको हुन्छ । यही विषयवस्तुलाई  रोचक स्वाभाविक र जीवन्त बनाउदै कथानकलाई गति प्रदान गर्ने कामको अभिभारा 'पात्र' ले बोकेको हुन्छ । त्यसैले गर्दा पात्र र कथानकबीच घनिष्ठ सम्बन्ध रहेको देखिन्छ । पात्रको जीवनगतिले उपन्यासको कथालाई स्वरूप प्रदान गर्दछ (चुघ, ई.१९६८ : २०२) । पात्र उपर नै स्रष्टा बढी निर्भर  रहेको हुन्छ ( बराल र एटम, २०६६ : २७) । उपन्यासलाई सजीव तुल्याउने काम पात्रले गर्ने हुँदा पात्रबिना उपन्यासको कल्पना समेत गर्न सकिन्न । त्यस्तै कथानकले पात्रको विशेषता, स्वभाव, रूचि; व्यवहार जस्ता कुराहरूमा प्रकाश पार्दछ । पात्रका माध्यमबाट घटना घट्ने र घटनाहरूले नै चरित्रको विश्लेषण वा चित्रण गर्ने हुँदा दुवैलाई उपन्यासको अविभाज्य तŒव मानिन्छ (बराल र अन्य सम्पा., २०५५ : २७१) । संवाद पात्रसँग सम्बन्धित तŒव हो । पात्रहरूको वार्तालाप नै संवाद हो (मगर, २०६६ : १९) । पात्रको भाव, विचार, धारणा, चाहना आदि कुराहरू संवादका माध्यमबाट प्रस्तुत हुन्छन् (घर्ती, २०६७ : ८३) । उपन्यासमा पात्रको कथानकसँग सम्बन्ध भए जस्तै पात्रको संवादसँग पनि घनिष्ठ सम्बन्ध रहेको हुन्छ ।

उपन्यासमा प्रस्तुत भएका पात्रहरूले प्रभाव पार्छन् भन्ने कुरा उपन्यास पढिसकेपछि लामो समयसम्म मानसपटलमा चरित्रको छाप परी रहेबाट स्पष्ट हुन्छ । मानव समाज र सभ्यतालाई बुÓने प्रमुख आधार पनि चरित्र नै हो । मानवका शाश्वत सत्यलाई उद्घाटन गर्ने पक्षहरू पनि मान्छेका चरित्रमै उद्घाटित भएका हुन्छन् (सुवेदी, २०६४ : २५) । चरित्रलाई विश्वसनीय बनाउनका लागि उपन्यासकारले विभिन्न, परिस्थिति र परिवेशको चित्रण गरेको हुन्छ । वातावरण या देश कालको निर्माण पात्रहरूको स्वाभाविकता तथा वास्तविकता प्रदान गर्नका लागि नै गरिन्छ (वर्मा, १९८५ : २७८) । पात्र परिवेशको भोक्ता मात्र नभएर संवाहक पनि हो (घर्ती, २०६७ : ८४) । त्यसैले गर्दा उपन्यासमा परिवेशका चित्रण पात्रहरूकै उपस्थितिबाट हुने देखिन्छ ।

आजको परिवर्तित युगमा कथानकको महŒघट्दै गएपनि पात्रको उपस्थितिमा मात्र पनि उपन्यास तयार हुन सक्छन् । उपन्यासकारले आफ्नो दृष्टिकोण, धारणा, जीवनदर्शन जस्ता कुराहरू पात्रका माध्यमबाट उपन्यासमा व्यक्त गरेको हुन्छ । उपन्यासको उद्देश्य चरित्रलाई अङ्कित गरेबाट व्यतित हुने देखिन्छ । पात्रका क्रियाकलाप, धारणा र अभिव्यक्तिबाट उपन्यासको उद्देश्य प्रकट गरिएको हुन्छ । वास्तवमा पात्र उपन्यासको सार तŒव तथा विचारलाई संवहन गर्ने माध्यम हुन् (बराल, २०५६ : ३३) । पात्रकै आधारमा उपन्यासको कथावस्तु तयार हुने भएकोले औपन्यासिक कृतिमा पात्रको भूमिका महŒवपूर्ण रहेको हुन्छ । पात्रको भूमिका जति बढी सजीव र यथार्थ हुन्छ, त्यति उपन्यासको कथावस्तु प्रभावकारी र रोमाञ्चकारी हुन्छ । उपन्यासकारले उपन्यास लेख्ने क्रममा पात्रको छनौटमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । उपन्यासकारले भन्ने र देखाउने कुरालाई वहन गर्ने कुनै पनि पात्रको रूप उपन्यासमा पात्र चरित्र हो (अब्राम्स, २००० : २०२१) । उपन्यासमा आएका पात्रहरू काल्पनिक भए तापनि तिनीहरूले मानव जीवनको सुखदुःखलाई समेटेका हुन्छन् । आजको विविध समस्या र परिस्थितिले जटिल बन्दै गएको मानव जीवनको रहस्य खोल्ने काम चरित्रले नै गर्दछ । पात्रले कृतिलाई सजीव बनाउँदै निष्कर्षमा पुऱ्याएर फल प्राप्ति गर्ने काम समेत गर्दछ । वास्तवमा चरित्रहरू उपन्यासको मूल कथावस्तु र उद्देश्यसँग अन्तर्सम्बन्धित रहेको हुन्छ । त्यसैले गर्दा उपन्यास विधामा मात्र नभएर सम्पूर्ण साहित्यिक विधामा पात्रको स्थान महŒवपूर्ण रहेको हुन्छ ।

### २.५ उपन्यासमा पात्रविधानको पद्धति

उपन्यासमा प्रयुक्त मानवीय तथा मानवेतर प्राणी नै औपन्यासिक चरित्र हुन् र यस्तो चरित्रहरू मानवीय जीवनकै प्रतिनिधिका रूपमा आउने गर्दछन् । उपन्यासमा घटना वा कथावस्तुको रचनाको आधार पनि पात्र वा चरित्र नै हो । पात्रलाई प्रस्तुत गर्ने पद्दति वा चरित्रको कार्यात्मक भूमिकालाई देखाउने ढङ्ग तथा तरिकालाई चरित्रचित्रण भनिन्छ । साहित्यिक कथात्मक कृतिमा पात्रको रूपमा र प्रकृतिलाई रूपायित गर्ने काम नै चरित्र चित्रण हो (बराल र अन्य सम्पा., २०५५ : ३९७) । एस.एम. रबिन्सले चरित्रचित्रण भनेको आख्यानमा पात्रहरूको स्वभाविक अङ्कन हो जसबाट तिनीहरूले जीवन्तता र वैयक्तिकता ग्रहण गर्न सक्षम हुन्छन् (शिवाकोटी, २०६२ : ७२) भनेका छन् । उपन्यासमा प्रयुक्त पात्रहरूको चित्रण गर्दा तिनीहरूले खेलेको भूमिकाको आधारमा चित्रण गर्न आवश्यक

ठानिन्छ । पात्रको चित्रण गर्दा कुनै किसिमको आग्रहीकरण नगरी नाटकीकरणको माधयमबाट गर्नुपर्दछ । चरित्रचित्रणका मुख्यतः प्रत्यक्ष र अप्रत्यक्ष गरी दुई विधि हुन् जुन परम्परागत विधि हो । अन्य विधिहरूमा परिचयात्मक चरित्र चित्रण, आत्म विश्लेषणात्मक चरित्रचित्रण, घटनात्मक चरित्रचित्रण र यस अन्तर्गत द्वन्द्वात्मक चरित्रचित्रण आदि पर्दछन् । पात्रको चित्रण प्रत्यक्ष वा वर्णनात्मक र अप्रत्यक्ष वा नाटकीय दुई विधिद्वारा गरिन्छ (बराल र एटम, २०६६ : ३१) । आख्यानमा खास गरी परोक्ष र अपरोक्ष गरी दुई विधिद्वारा चरित्रचित्रण गरिन्छ (बराल र अन्य सम्पा., २०५५ : ६१) । चरित्रचित्राङ्कनका लागि प्रदर्शनात्मक र कथात्मक विधिद्वारा चरित्रचित्रण गर्न सकिन्छ । परम्परागत रूपमा चरित्रचित्रणका प्रत्यक्ष र नाटकीय गरी दुई विधिहरू प्रचलित रहेको पाइन्छ । तर विभिन्न विद्वान्हरूले चर्चेका विभिन्न अवधारणहरूलाई आधार मानेर चरित्रचित्रणका मुख्य तीन प्रविधिलाई स्वीकार्न सकिन्छ-बाह्य चरित्रचित्रण, आन्तरिक चरित्रचित्रण र नाटकीय चरित्रचित्रण (शिवकोटी, २०६२ : ८१), जसको सामान्य चर्चा यहाँ गरिएको छ ।

### २.५.१ बाह्य चरित्रचित्रण

बाह्य चरित्रचित्रण प्रविधिमा पात्रको बाहिरी रूपाकृतिलाई विशेष महŒव दिइएको हुन्छ । यस्ता पात्रका माध्यमबाट समाजका अन्ध परम्परा, कुसंस्कार, अन्धविश्वास, कुरीति, रूढी जस्ता कुराहरूलाई परिवर्तन गर्न सक्ने आदर्श पात्रको चयन गर्ने प्रयास गरिएको छ । यस विधिमा स्वयम् लेखकले पात्रको आचार, बिचार र अनुभवलाई उद्घाटित गर्दछ । यस्तो विधिमा लेखकले पात्रलाई स्वयम् बोल्न दिएको हुन्न । लेखक स्वयम्ले पात्रको आलोचना गरेको हुन्छ । यस विधिमा लेखक स्वयम् सर्वद्रष्टा वा सर्वज्ञ बनेको हुन्छ । लेखकद्वारा नै पात्रका सबै कुरा बताइएको हुन्छ । यही कारणले त्यसलाई प्रतिनिधिŒव गर्न सक्ने खालको पात्रको नामाकरण गर्न सक्छ । नामानुसारको पात्रको चारित्रिक विशेषता केलाए पनि यो त्यति स्वाभाविक देखिदैन । किनकी यस प्रकारको चरित्रचित्रणले पात्रको बाह्य स्थितिको मात्र चित्रण गरेको देखिन्छ । यस विधिमा लेखकले अफ्ना भावनालाई बलजफ्ती पात्रका माध्यमबाट प्रस्तुत गरिरहेको हुन्छ ।

बाह्य चरित्रचित्रणमा पात्रहरूका क्रियाकलापको अध्ययन विश्लेषण गरिन्छ । उपन्यासमा पात्रभन्दा पहिला परिवेशको सिर्जना गरिन्छ र त्यहीभित्र अटाउनु पर्दछ । त्यही परिवेशभित्र रहेर पात्रले गरेको क्रियाकलापको घटना र कार्यकारण श्रृङ्खला स्पष्ट हुन

जान्छ र त्यसबाट पात्रका चरित्र पनि स्पष्ट हुन जान्छ (शिवाकोटी, २०६२ : ८१) । बाह्य चरित्रचित्रणलाई बहिरङ्ग प्रणाली पनि भन्ने गरिन्छ ।

### २.५.२ आन्तरिक चरित्रचित्रण

कुनै पनि व्यक्तिलाई एउटै परिवेश र परिस्थितिमा हेरेर अथवा कुनै अवस्थाप्रति उसको प्रतिक्रिया थाहा पाएर त्यो व्यक्ति कस्तो छ भन्ने सही अनुमान लगाउन सकिँदैन । पात्र कस्तो हो, यसको खास चरित्र कस्तो छ भनेर जान्न तथा उसको स्वभाव अनि मानसिकता खोतल्नको लागि यस किसिमको चरित्रचित्रण विधि अपनाइन्छ । व्यक्तिको बाहिरको अभिव्यक्ति, आचार, विचार, आकार, प्रकार आदिमा उसको चरित्रको केही भाग मात्र अभिव्यक्त हुन्छ । यसर्थ आन्तरिक चरित्रचित्रणले व्यक्तिको आन्तरिक चरित्र खोतल्छ र केही हदसम्म पात्रको चरित्र बुझ्न सहयोग प्राप्त हुन्छ ।

आन्तरिक चरित्रचित्रण खासगरी मनोवैज्ञानिक उपन्यासका पात्रहरूमा प्रयोग भएको हुन्छ । यस्ता खाले उपन्यासमा पात्रहरूको बाहिरी र भित्री रूप फरक किसिमको हुन्छ । आन्तरिक चरित्रचित्रणले विशेष गरी मनोवैज्ञानिक, भावुक, अर्न्तद्वन्द्वले पीडित पात्रको क्रियाकलापलाई चित्रित गरेको हुन्छ (श्रेष्ठ, २०६२ : ५२) । मानव स्वभावको अव्यक्त रूप जुन रूपमा प्रेरक हुन्छ, त्यो नजानीकन पूर्णरूपमा उसलाई बुझ्न वा चिन्न सकिँदैन । उपन्यासमा पात्रको चरित्रलाई प्रकाश पार्नका लागि उसका सामाजिक, आर्थिक, मानसिक अवस्था, मनभित्रका द्वन्द्व, सङ्घर्ष प्रकट व्यवहारका आन्तरिक प्रेरणाहरू तथा परिवेश र जीवन प्रतिका उसका दृष्टिकोण आदि कुरालाई प्रस्ट रूपमा प्रस्तुत गर्नुपर्दछ । व्यक्तिको आन्तरिक स्वरूपलाई प्रकाशमा ल्याउन यस पद्धतिको महŒवपूर्ण पक्षहरू अन्तःप्रेरणाको चित्रण, आवेगजन्य आचरणको चित्रण, अर्न्तद्वन्द्वको चित्रण, आन्तरिक मनोवादको चित्रण र मनोविश्लेषणको चित्रण गरिएको हुन्छ ।

### २.५.३ नाटकीय चरित्रचित्रण

नाटकीय चरित्रचित्रणमा उपन्यासकार पृष्ठभूमिमा रहन्छ । तर क्रियाकलाप, भनाइ र सोचाइबाट उपन्यासकारले परोक्ष रूपमा पात्रका बारेमा भनिरहेको हुन्छ । पात्रको परिवेश र घटनासँग नजिकको सम्बन्ध रहेको हुन्छ । कहिले घटनाले चरित्रलाई गति दिन्छ भने कहिले चरित्रले घटनालाई । यसकारण चरित्र घटनाको परिणाम हो भने घटना चरित्रहरूको व्यख्या हो । उपन्यासकारले घटनाहरूको प्रस्तुति कथानकलाई गति दिन मात्र नभएर पात्रको चरित्र

विकास तथा तिनका विविध अवस्थाको उद्घाटन गर्नका लागि गरेको पाइन्छ । यसै विधिलाई नाटकीय चरित्रचित्रण भनिन्छ (शिवाकोटी, २०६२ : ७८) । यस विधिमा पात्रको संवाद र कथोपकथनको प्रयोगबाट उनीहरूका चारित्रिक विशेषताहरूलाई प्रस्फुटित गराउन खोजिएको हुन्छ । पात्रले पनि आफ्ना कुरा संवाद र वार्तालापद्वारा क्रमशः गर्दै जान्छ । यस विधिमा लेखकले हस्तक्षेप नगरी पात्रलाई आफ्नो चरित्रको बारेमा आफैं व्यक्त गर्न दिइएको हुन्छ । यसैले यो विधि बढी विश्वसनीय र प्रभावकारी ठहर्दछ । पात्रको बारेमा लेखकले भन्दा स्वयम् पात्रले नै बढी जान्ने भएकोले पात्र नै सर्वज्ञ हुन्छ । यस किसिमको विधिमा चरित्रको सही ढङ्गले चित्रण भएको हुन्छ । लेखकले पात्रको विषयमा कुनै व्याख्या, विश्लेषण नगरी आफू तटस्थ रहेर पात्रको क्रियाकलाप, वादविवाद, संवाद तथा विभिन्न घटनाहरू घटाएर चित्राङ्कन गर्ने गर्दछ ।

यसरी चरित्रचित्रणको व्याख्या गर्दा कतिपय विद्वान् तथा समालोचकहरूले पात्रको बाह्य तथा स्थूल चरित्रमा जोड दिएका छन् भने कतिपयले सूक्ष्म तथा आन्तरिक पक्षमा जोड दिइ पात्रको चरित्रलाई सार्वजनिक गर्ने गरेको पाइन्छ । चरित्रचित्रणका यी विविध पद्धतिहरू प्रचलित रहे पनि चरित्रचित्रणको आन्तरिक वा मनोवैज्ञानिक पद्धतिलाई बढी उपयोगी ठान्न सकिन्छ । किनकी वर्तमान समयमा मनोवैज्ञानिक उपन्यासहरू बढी मात्रामा लेखिएका छन् । चरित्रचित्रणका अन्य विधिको तुलनामा यो विधि विश्वसनीय मानिन्छ ।

## २.६ पात्रको वर्गीकरणका आधार

उपन्यासले सिङ्गो समाज र जीवनकै कथानक बोकेको हुन्छ । उपन्यासमा प्रयुक्त मानवीय पात्र वा चरित्र समाजबाटै टिपिएका हुन्छन् । प्रकृतिले नै मानव स्वभाव एकनास नभई भिन्न भिन्न किसिमको हुने गर्दछ । मानव समुदाय भन्नु नै विविध सांस्कृतिक परम्परा, धर्म, भौगोलिक परिवेश, वर्ग, रुचि, विश्वास, जाति, रहनसहन, प्रवृत्ति आदिको संयुक्त रूप हो । मान्छेमा पाइने तिनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, धार्मिक आदि विविधताले गर्दा उनीहरूको चरित्रमा पनि विविधता पाइन्छ ।

पात्र मानवीय जीवनका अनुकृति हो । मान्छे जति किसिमका हुन्छन् पात्र पनि त्यतिनै किसिमका हुन सक्छन् (घर्ती, २०६७ : ८५) । त्यसैले पात्र सम्बन्धी वस्तुनिष्ठ वर्गीकरण गर्न कठीन छ । त्यसो भए तापनि प्राचीनकालदेखि नै पूर्वीय तथा पाश्चात्य साहित्यमा पात्रको वर्गीकरण गर्ने प्रयास गरिएको भने पाइन्छ । पात्रको वर्गीकरण गर्ने

क्रममा विद्वान्हरूको एकमत पाइन्न । तैपनि उपन्यासमा पात्रहरूले निर्वाह गरेको भूमिका, कार्य, प्रवृत्ति, चारित्रिक स्वभाव, गुण–अवगुण, वर्ग, चेतना आदिको अध्ययन र विश्लेषण गरी तिनलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ (श्रेष्ठ, २०६२ : ५५) । यहाँ विभिन्न पूर्वीय, पाश्चात्य तथा नेपाली साहित्यका समालोचकहरूद्वारा गरिएका पात्र सम्बन्धी वर्गीकरणका आधारहरूको अध्ययन गरिएको छ ।

भरतमुनिले संस्कृत नाटकका सन्दर्भमा प्रकृतिका दृष्टिले पात्रहरूलाई उत्तम, मध्यम र अधम गरी तीन प्रकारले वर्गीकरण गरेका छन् (भट्टराई, २०३९ : ४०६) । त्यसैगरी उनले नायकलाई धीरोद्धत, धीरललीत, धीरोदात्त र धीरप्रशान्त अनि नायिकालाई दिव्या, रजपत्नी ( नृपपत्नी), कुलस्त्री र गणीका गरी चार प्रकारमा वर्गीकरण गरेको छन् (पूर्ववत्) । उनले नायक नायिका तथा सहायकहरूको पनि विशाद चर्चा गरेको छन् ।

पूर्वीय काव्यशास्त्रका अनुसार सोमनाथ सिग्द्देलले नायकहरूलाई  धीरोद्धत, धीरललीत, धीरोदात्त र धीरप्रशान्त गरी चारै किसिमले वर्गीकरण गरेका छन् । त्यसैगरी यस अन्तर्गत नायकलाई दक्षिणा, धृष्ट, अनुकूल र शठ गरी अन्य चार उपभेदमा वर्गीकरण गरेको पाईन्छ (सिग्देल, २०१९ : १४३) । त्यसैगरी नायिकालाई पनि विभिन्न स्वभावगत दृष्टिले धीरा (गम्भीर), अधीरा (चञ्चल) र धीरा–अधीरा (केही गम्भीर, केही चञ्चल) गरी तीन भेदमा छुट्टाएर हेरेका छन् (अधिकारी, २०२३ : ३५) । जहाँसम्म नायक, नायिका र अन्य पात्रको प्रसङ्ग छ, त्यस सम्बन्धमा पूर्वीय काव्यशास्त्रमा पाइने स्वभावगत भेदलाई पनि मुख्य आधार बनाउन सकिन्छ ।

पाश्चात्य साहित्यमा अरिष्टोटलले दुःखान्तकका सन्दर्भमा पात्रलाई असल र खराब भनी दुई वर्गमा वर्गीकरण गरेका छन् (चाम्लिङ्ग, २०४० : १९५) । ई. एम. फोर्स्टरले उपन्यासका पात्रहरूलाई स्थिर र गतिशील गरी दुई वर्गमा बाँडेका छन् (भार्गव, सन् १८८२ : ४७) । स्थिर पात्र भाव वा गुणमा आधारित हुन्छ र गतिशील पात्रमा जीवनको अनिश्चितता हुन्छ । पात्रहरू वैयक्तिक र प्रतिनिधिमूलक गरी दुई प्रकारका हुन्छन् (स्कोलस, ई.१९९७ : १२९) । त्यसै गरी डेभिड लजले पात्रलाई सामान्यतया प्रमुख, गौण, चेप्टा तथा अन्तर्मुखी पात्र भनेर वर्गीकरण गरेका छन् (लज, ई.१९९२ : ६७) । फलस्वरूप पाश्चात्य विद्धान्अरूले पात्र वर्गीकरणका आधार आआफ्नै तरिकाले पेश गरेको देखिन्छ । त्यस्तै अर्का विद्वान विश्वनाथ प्रसादले पनि स्वरूपका दृष्टिले वैयक्तिकता प्रधान या विशिष्ट चरित्र र वर्ग चरित्र या प्रतिनिधि चरित्र प्रभावका दृष्टिले गूढ र अगूढ मानसिक परिवर्तनका दृष्टिले

स्थिर र गतिशील गरी पात्रको वर्गीकरण गरेका छन् (प्रसाद, १९७३ : १३२) । त्यसले गर्दा पात्रको वर्गीकरण गर्नमा भारतीय विद्धानहरू पनि पछि नपरेको देखिन्छ ।

प्रतापचन्द्र प्रधानले औपन्यासिक पात्रहरूलाई कृतिगत भूमिकाका आधारमा, स्वभावगत आधारमा र प्रवृत्तिगत आधारमा वर्गीकरण गरी त्यस भित्रका विभिन्न स्वरूपहरूको पनि चर्चा गरेका छन् (प्रधान, २०४० : ७३) । पात्रहरूको वर्गीकरण गर्ने क्रममा घनश्याम नेपालले आख्यानका पात्रहरू एकै किसिमका नभई गोला र चेप्टा, सापेक्ष र निरपेक्ष, गतिशील र गतिहीन, सार्वभौम र आञ्चलिक, मौलिक र पारम्परिक तथा प्रतिनिधि र पौराणिक भनी वर्गीकरण गरेका छन् (नेपाल, २०४४ : २२) । ऋषिराज बरालले पात्रहरूको वर्गीकरणका अनेकौं सम्भाव्य आधारहरूको उल्लेख गर्दै गतिशील र स्थिर पात्र, गोलो र चेप्टो पात्र, प्रतिनिधि र व्यक्तिपरक पात्र, अन्तर्मुखी र बहिमुखी पात्र गरी चार प्रकारको वर्गीकरण गरेका छन् (बराल, २०५६ : ३४) । उपन्यासका प्रमुख पात्रहरू विभिन्न सन्दर्भबाट टिपिने हुँदा यिनमा पनि विभिन्नताको आरोपण गरिएको हुन्छ । कथानक र वातावरणको फरकपनले गर्दा पात्रका गुणहरू फेरिन पनि सक्दछन् भन्दै बराल र एटमले गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, चेप्टा र गोला, सार्वभौम र आञ्चलिक तथा पारम्परिक र मौलिक गरी ६ आधारमा वर्गीकरण गरेका छन् (बराल र एटम, २०६६ : २८) । यी सम्पूर्ण पात्र वर्गीकरणका आधारहरू अपूर्ण नै देखिन्छन् ।

माथि उल्लिखित पात्र वर्गीकरणका आधारहरूमा सम्पूर्ण विद्वानहरूको आ-आफ्नै मत रहेको पाइन्छ । यसै सन्दर्भमा सबै पक्षलाई समेट्ने गरी मोहनराज शर्माले पात्र वर्गीकरणका सात आधारहरूलाई प्रस्तुत गरेका छन्, जुन अहिले सम्म कै वस्तुनिष्ठ, उत्तम र वैज्ञानिक देखिन्छ । शर्माद्वारा गरिएको पात्र वर्गीकरणको आधारलाई जस्ताको त्यस्तै उतार्ने प्रयास गरिएको छ (शर्मा, २०४८ : १२४-१२५) । शर्माको वर्गीकरण नै नेपाली उपन्यास सिद्धान्तको परम्परामा पात्र वर्गीकरणको पूर्ण आधार मानिन्छ ।

### २.६.१. लिङ्ग

लिङ्ग उपन्यासमा प्रयुक्त पात्रहरूको शारीरिक जात छुट्याउने आधार हो । व्यक्ति पात्रहरू पुलिङ्ग  र स्त्रीलिङ्ग गरी दुई वर्गका हुन्छन् (बराल र एटम, २०६६ : २९) । पात्रहरूको नामकरणका आधारमा नै तिनलाई पुलिङ्ग र स्त्रीलिङ्ग वर्गमा छुट्याउन सकिन्छ ।

### २.६.२ कार्य

आख्यानात्मक कृतिमा आएका सबै पात्रहरूले उत्तिकै कार्य वा महŒवका कार्य घटीवढी रूपमा गरेका हुन्छन् । यसरी घटीबढी रूपमा गरेका कार्यहरूको आधारमा पात्रहरूलाई प्रमुख, सहायक र गौण गरी तीन वर्गमा छुट्याइन्छ । उपन्यासमा सबैभन्दा बढी कार्य सम्पादन गर्ने पात्र प्रमुख, त्यसभन्दा घटी कार्य गर्ने पात्र सहायक र त्यसभन्दा पनि केही घटी कार्य गर्ने पात्र गौण पात्र कहलाउँछ । उपन्यासमा जुन व्यक्तिको नाम-सर्वनामको सर्वाधिक पुनरावृत्ति हुन्छ त्यो प्रमुख पात्र, त्यसभन्दा जुन पात्रको थोरै नाम-सर्वनामको पुनरावृत्ति भएको हुन्छ त्यो सहायक पात्र र सबभन्दा न्यून सर्वनाम प्रयोग भएर आउने पात्रलाई गौण पात्र भनिन्छ । अथवा प्रमुख पात्र कृतिको सुरुदेखि अन्तसम्म डोरिएको हुन्छ भने सहायक र गौण पात्र बीचमा आएर बीचमै हराउन पनि सक्दछन् (बराल, २०६३ : ३८) । पुलिङ्ग प्रमुख पात्रलाई नायक र स्त्रीलिङ्ग प्रमुख पात्रलाई नायिका तथा पुलिङ्ग सहायकलाई सहनायक पात्र र स्त्रीलिङ्ग सहायक पात्रलाई सहनायिका भनिन्छ ।

### २.६.३ प्रवृत्ति

आख्यानात्मक कृतिमा प्रयुक्त पात्रहरूले नकारात्मक र सकरात्मक दुवै भूमिका निर्वाह गर्ने आधारमा अनुकूल र प्रतिकूल दुई वर्गका पात्रको प्रयोग गरिन्छ (बराल, २०६३ : ३९) । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने अनुकूल अर्थात् सत् हुन्छ भने नकारात्मक भूमिका निर्वाह गर्ने पात्र प्रतिकूल वा असत् हुन्छ । अनुकूल पात्रको लागि सकारात्मक शब्द वा सकारात्मक भाव भएका शब्दको बढी प्रयोग गरिएको हुन्छ । प्रयुक्त सकारात्मक र नकारात्मक भाषिक एकाइहरू बटुलेर पात्रहरूलाई प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल वर्गमा राख्न सकिन्छ । उपन्यासका पात्रहरूमा देखिने प्रवृत्ति, कार्य र लिङ्गको आधारमा नायक, नायिका, खलनायक, खलनायिका, सहनायक, सहनायिका आदि छुट्याउन सकिन्छ ।

### २.६.४ स्वभाव

कुनै पनि आख्यानात्मक कृतिहरूमा प्रयुक्त पात्रहरू परिस्थितिअनुसार बदलिने स्वभावका गतिशील र कोही परिस्थितिअनुसार पनि नबदलिने स्वभावका गतिहीन हुन्छन् । अर्थात् आफ्नो स्वभाव सिद्धान्त र बिचार धारालाई परिवर्तन गर्दै अगाडि बढ्ने पात्र गतिशील र आद्योपान्त उस्तै स्वभाव, सिद्धान्त र जीवन धारालाई लिएर देखापर्ने पात्र

गतिहीन वर्गका हुन्छन् (बराल र एटम, २०६६ : ३०) । कृतिमा गतिशील वर्गका पात्रको रूप छवि प्रायः क्रमात्मक शब्दसमूहद्वारा र गतिहीन पात्रको रूप पनि प्रायः वर्गात्मक शब्दसमूहद्वारा कुँदिएको  हुन्छ ।

### २.६.५ जीवनचेतना

उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये केही निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने वर्गगत पात्र र केही आफ्नै निजी स्वभाव वा वैयक्तिकताको मात्र प्रतिनिधित्व गर्ने व्यक्तिगत पात्र हुन्छन् (शर्मा, २०४८ : १७४) । उपन्यासको पात्र र सामाजिक जीवनको तुलनाबाट यसको निर्धारण गरिन्छ ।

### २.६.६ आसन्नता

उपन्यासमा उपस्थिति वा आसन्नताका आधारमा पात्रहरू दुई वर्गका हुन्छन्– मञ्चीय पात्र र नेपथ्य पात्र । मञ्चीय पात्रले मूल कथानकको प्रवाहमा प्रत्यक्ष कार्य गर्दछ भने नेपथ्य पात्रको परोक्ष वर्णन मात्र हुन्छ (शर्मा, २०४८ : १७४) । कृतिको काल मापदण्डमा मञ्चपात्रहरू वर्तमान बिन्दुमा आएका हुन्छन् भने नेपथ्य पात्रहरू सो बिन्दुभन्दा पूर्ववर्तीकालमा स्थित हुन्छन् ।

### २.६.७ आबद्धता

उपन्यासको कथानकसँग पात्रहरूको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । कृतिको पर्याधारमा रहेका सन्दर्भहरूमा बाँधिएर सार्थक हुने पात्रलाई वद्ध र सो पर्याघारमा प्रत्यक्ष सरोकार नराखी सार्थक हुने पात्रलाई मुक्त भनिन्छ (बराल, २०६३ : ४०) । बद्ध पात्रलाई झिक्दा कृतिको संरचना नै भत्किन्छ वा खज्मजिन्छ तर मुक्त पात्रलाई झिक्दा भने उपन्यासको संरचनामा खासै गड्बडी आउँदैन ।

## २.७ निष्कर्ष

उपन्यासमा घटना सञ्चालन गर्ने व्यक्तिलाई बुझाउने शब्द नै पात्र हो । पात्र शब्दले विभिन्न अर्थ जनाएको भए तापनि उपन्यासमा घटनासँग सम्बद्ध भएर आउने व्यक्ति वा प्राणीलाई पात्र भनिन्छ र पात्रलाई चरित्र पनि भनिन्छ । पात्र वा चरित्रका सम्बन्धमा पूर्वीय, पाश्चात्य तथा नेपाली साहित्यका समालोचकहरूले आ-आफ्नै ढङ्गले परिभाषा दिएको भए तापनि औपन्यासिक कथानक र घटनावलीसँग जोडिएर आउने तŒव नै पात्र हो ।

उपन्यासमा पात्रको ठूलो भूमिका हुन्छ र पात्रबिना उपन्यासको कल्पना पनि गर्न सकिन्न । उपन्यासकारले परिवेश, काल, परिस्थिति र देश अनुसारका पात्रहरूको समायोजन गरेको हुन्छ र यसलाई नै पात्रविधान भनिन्छ । पात्रहरूलाई आन्तरिक, बाह्य र नाटकीय गरी तीन किसिमले चरित्रचित्रण गर्न सकिन्छ । उपन्यासका पात्रहरू विभिन्न प्रकारका हुन्छन् । ती पात्रहरूको वर्गीकरण विभिन्न विद्वानहरूले विभिन्न तरिकाले गरेको पाइन्छ । पात्र सम्बन्धी ती विद्वानहरूद्वारा प्रस्तुत गरिएका सामान्य आधारहरूमध्ये मोहनराज शर्माद्वारा प्रस्तुत आधार नै हाल सम्म स्पष्ट, वैज्ञानिक र वस्तुनिष्ठ देखिन्छ । उनले पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताको आधार गरी सात तरिकाले वर्गीकरण गरेका छन् । हरेक उपन्यासमा रहेका पात्रहरूलाई समेट्ने गरी उनले पात्रको सैद्धान्तिक वर्गीकरण गरेको देखिन्छ, जुन पात्रविधानको सामान्य वर्गीकरणको प्रमुख आधार हो ।

परिच्छेद तीन

# डायमनशमशेर राणाको औपन्यासिक यात्रा र प्रवृत्ति

## ३.१ विषय प्रवेश

साहित्यिक कृति लेखकको सिर्जना हो । त्यस कृतिको सिर्जनामा लेखकीय जीवनका कतिपय कुराले प्रभाव पारेको हुन्छ । कृतिलाई राम्ररी बुझ्न लेखकको जीवनी र साहित्य यात्राको अध्ययनले सहयोग गर्दछ । त्यसैले यस परिच्छेदमा डायमन शमशेरको उपन्यास यात्रा र प्रवृत्तिको अध्ययन गरिएको छ ।

## ३.२ डायमनशमशेर राणाको सङ्क्षिप्त परिचय

उपन्यासकार डायमनशमशेर राणाको जन्म वि.स.१९७५ साल असार २१ गते नेपालको पाल्पा जिल्लाको तानसेन बजारमा भएको थियो । तत्कालीन पाल्पा जिल्लाका बडाहाकिम कहलिएका उनका बाबु बुधशमशेर र उनकी साहिँली धर्मपत्नी मोहनकुमारीका कान्छा सुपुत्रका रूपमा डायमनशमशेरको जन्म भएको थियो (रेग्मी, २०५४ : ४३) । राणाशासनको जग बसाउने (संस्थापक) जङ्गबहादुर राणाका कान्छा भाइ धीरशमशेरका चौधौं पुत्र शेरशमशेर ज.ब.रा. डायमनशमशेरका हजुरबुबा थिए । जङ्गबहादुरको मृत्युपछि नेपालको राजनीतिक इतिहासमा उनको हजुरबुबाको धाक-रवाफ निकै बढ्न थाल्यो । शासक वर्गका व्यक्ति भएकाले उनका हजुरबुबाको दरबारदेखि लिएर समाजमा निकै मानसम्मान पनि थियो । त्यही धाकरवाफले गर्दा उनका हजुरबुबा सरकारी प्रशासनको उच्च ओहदामा कार्यरत बन्न पुगेका थिए । उनले असङ्ख्य धन सम्पत्ति कमाउने मौका पाएका थिए । हजुरबुबाको निधनपछि उनका बुबा बुधशमशेर नेपालका बडाहाकिम भएर विभिन्न जिल्लामा गएका थिए । बुधशमशेरका चार पत्नीहरू (क्रमशः खगेन्द्रकुमारी, गजराजकुमारी, मोहनकुमारी र चन्द्रकुमारी) मध्ये चन्द्रकुमारी बाहेक अन्य तीन पत्नीहरूबाट पाँच सन्तानको जन्म भएको थियो । उपन्यासकार राणाका दुई दाजुहरू र दुई दिदीहरू थिए । उनका जेठा दाजु गगनशमशेर र माहिला योधराजशमशेर दुवै जना कर्णेलसम्म भएका थिए भने उनकी जेठी दिदीको विवाह साहेबज्यू चन्द्रविक्रम शाहसँग र कान्छी दिदीको विवाह भारतको त्रिपुरा स्टेटका राजकुमार कर्णेल प्रफुल्लदेव बर्मनसँग भएको थियो (रेग्मी, २०५४ : ४३) । समृद्ध र सम्पन्न राणा परिवारमा जन्मेर पनि आफ्नै परिस्थिति

र विभिन्न बाध्यताले गर्दा आफ्नो जीवनको उत्तरार्द्ध अवस्थामा साधारण जीवनयापन गर्नुपरेको थियो ।

उपन्यासकार डायमनशमशेर राणा सम्पन्न राणा परिवारमा जन्मेकाले उनको बाल्यकाल त्यति दुःखपूर्ण रहेन । उनी छ महिनाको छँदा उनका बाबुको पाल्पाबाट काठमाडौंमा सरूवा भएकोले उनी पनि बाबुसँगै जन्मस्थानबाट काठमाडौंमा ल्याइए । उनको थापाथलीको पुर्ख्यौली घर हजुरबुबाले (सेरशमशेर) चन्द्रशमशेरलाई बेचेकाले साढे तीन वर्षको हुँदा सपरिवार उनीहरू कुपण्डोल स्थित हालको घरमा सरे (अधिकारी, २०६३ : १७) । त्यहाँ सरेको करीव दुई वर्षपछि राणालाई पढाउन एकजना नेपाली र एकजना अङ्ग्रेजी शिक्षकको व्यवस्था गरियो । करीब आठ वर्षको उमेरमा मङ्गलबजार स्थित पाटन स्कूलमा कक्षा चार (तत्कालीन समयको सिक्स क्लास) मा भर्ना गराई राणालाई औपचारिक शिक्षा दिन थालियो । पाटन स्कूलमा पढ्दै गर्दा बाबु बडाहाकिम भएर बीरगञ्ज गएकाले उनी पनि बाबुसँगै पढाइ छाडेर त्यतैतिर लागे । त्यहाँ पनि उनलाई कलकत्ताबाट बङ्गाली शिक्षक झिकाई घरमै पढाउने व्यवस्था मिलाइए तापनि शिक्षकले पढाउनु भन्दा उनको चाकरीमा ध्यान पुऱ्याएको हुँदा उनको अध्ययनको आकङ्क्षा पूर्ण हुनसकेन । करीब पाँच वर्षजति बीरगञ्जमा बसेपछि  उनका बाबुको पुनः काठमाडौं सरुवा भयो । त्यसको लगत्तै फेरी उनका बुबाको हनुमाननगरमा भएको सरूवाका कारण उनी पनि त्यतै लागे । त्यहाँ उनको पढाइका लागि विद्यालय र शिक्षकको व्यवस्था गरिएको थिएन । पुनः पिताको काठमाडौंमा सरुवा भयो । त्यही समयमा उनले एस.एल.सी. (म्याट्रिक) दिने विचार गरेर प्रो. अनमेश राय चौधरीसँग घरमै बसेर अध्ययन गर्ने क्रममा शेक्सपियर, किट्स, शेली, वाइरन, वाल्टरस्टक, वनार्ड शजस्ता लेखकका विभिन्न कृतिहरूको अध्ययन गर्ने मौका पाए । वि.सं. १९९८ सालमा उनका पिताको अचानक निधन भएकाले उनको पढाइको गतिमा पुनः बाधा उत्पन्न भयो (रेग्मी, २०५४ : ४४) ।  त्यसको केही समयपछि उनले फेरि एस.एल.सी. परीक्षाको तयारी गर्न थाले । त्यसबेला नेपालबाट एस.एल.सी. परीक्षा दिन पाउने व्यवस्था नभएको हुँदा परीक्षा दिनको नेपाली विद्यार्थीहरू भारतका विभिन्न राज्यहरूमा रहेका परीक्षा केन्द्रहरूमा जानुपर्दथ्यो । भारतको पटनाकेन्द्र नेपाली विद्यार्थीहरूका लागि सुबिधायुक्त मानिए तापनि त्यो केन्द्रबाट परीक्षा दिन कम्तीमा छ महिनासम्म बसेर अध्ययन गर्नुपर्दथ्यो । उनको पारिवारिक समस्याले गर्दा उनी छ महिना त्यहीं बस्न सकेनन् र भारतकै अर्को परीक्षा केन्द्र सिलाङबाट (मेघालय) जाँच दिने निधो गरे

। त्यही समयमा दोस्रो विश्वयुद्ध सुरु भयो । फलस्वरूप सिलाङको परीक्षाकेन्द्र पनि बन्द भयो भने अर्कोतर्फ राणापरिवारका सदस्य भएकाले उनले सैनिक सेवामा भर्ती हुनुपर्ने भयो र उनको पढ्ने अभिलाषा पूरा हुन सकेन (अधिकारी, २०६३ : १८) । परिस्थिति नै राणाको अध्ययनको प्रतिकूल बन्दै गएपछि उनको औपचारिक शिक्षा प्राप्त गर्ने धोको पूरा नभए पनि उनले विभिन्न विद्वान्हरूद्वारा लेखिएका कृतिहरूको अध्ययन गर्दै अनौपचारिक शिक्षा ग्रहण गर्दै गए ।

वि.सं. १९९८ सालमा आफ्ना पिताको असामयिक निधनले गर्दा राणाको काँधमा घरको सम्पूर्ण पारिवारिक जिम्मेवारी आइपऱ्यो । त्यसपछि आफ्नो घर गृहस्थी चलाउनका लागि वि.सं. १९९९ सालमा पश्चिम एक नम्बर नुवाकोटको वट्टार निवासी श्री ढालविक्रम शाहकी सुपुत्री बालिका शाहसँग विवाह बन्धनमा बाँधिन पुगे (गौतम, २०५८ : ५०) । विवाहपछि राणाका छोरी तीर्थेश्वरी राणा ( डा. गीता कार्कीका नामले परिचित), छोराहरू खुश्वुशमशेर राणा र रघुशमशेर राणा गरी जम्मा तीन सन्तानको जन्म भयो । वि.सं. २०३३ सालमा बेलायतमा भएको कार दुर्घटनामा परेर छोरा (खुश्वु) को मृत्यु भएपछि उनीमाथि पुत्रशोकको ठूलो बज्रपात पऱ्यो (अधिकारी, २०६३ : १९) । जीवनमा जस्तोसुकै उतारचढाउको सामना गर्नु परे पनि उनको दाम्पत्य जीवन भने सफल भएर नै बितेको थियो ।

राणापरिवारमा जन्मँदै जर्नेल कर्णेलको उपाधि पाउने तत्कालीन परिवेशमा डायमनलाई आजीविकाको समस्यै परेन् । एकातर्फ कर्णेलको जागीर, अर्कातर्फ प्रशस्त जग्गा जमिनका कारणले त्यत्तिबेला उनले कुनै आर्थिक दुरावस्थाको सामना गर्नु परेन् । तर प्रजातन्त्रपछि विर्ता उन्मुलनले बाह्र हजार क्षतिपूर्ति दिई उनको जमिन सरकारीकरण भएपछि आमदानीको ठूलो स्रोत गुम्यो । प्रजातन्त्रको प्राप्तिपछि उनलाई उनकै पहिले कै सेवामा नियुक्ति गरेको भएपनि उनमै इच्छा मरेकाले त्यो जागीर पनि छाडिदिए । वि.सं. २००६ सालमा **वसन्ती** उपन्यास प्रकाशित भए पनि त्यसबेला साहित्यलेखन क्षेत्रबाट इच्छाए जति आर्थिक लाभ प्राप्त हुन नसकेकोले त्यस क्षेत्रबाट राणा निराश भए (गौतम, २०५८ : ५१) । त्यसको करीब पच्चीस वर्षपछि वि.सं. २०३० सालमा **सेतो बाघ** उपन्यास प्रकाशित भएपछि भने त्यसबाट उनलाई केही आम्दानी हात लाग्यो । त्यस पछि आएका उनका अन्य उपन्यासहरूले पनि सामान्य आम्दानी दिइरहेका थिए । वि.सं. २०३० सालमा **वसन्ती**को हिन्दी भाषा र वि.सं. २०४१ सालमा **सेतो बाघ**को अङ्ग्रेजी भाषामा अनूदित भई प्रकाशन

भएपछि भने उनले आफ्नो लेखनको उचित मूल्य आर्थिक तवरले प्राप्त गरे । त्यसको लगत्तै **सेतो बाघ**को फ्रान्सेली र जापानी भाषामा अनुवाद भएपछि त झनै राणाले लेखनलाई नै प्रमुख व्यवसाय बनाएका थिए । उनले २०५७ सालको कान्तिपुर राष्ट्रिय दैनिकमा अन्तवार्ता दिँदै भनेका थिए, “रौतहटको पुख्यौर्ली पैँतालीस बिघा जग्गा बेचेपछि मसँग केही थिएन, लोकप्रिय भइसकेको **सेतो बाघ** उपन्यास नै मेरो जीविकाको मुख्य आधार बन्यो”(पोखरेल, २०५७ : ७) । लेखकको उक्त कथनले नै **सेतो बाघ** उनको आयश्रोतको मुख्य आधार रहेछ भन्ने कुरा प्रस्ट हुन्छ ।

राणा परिवारमा जन्मेर पनि देश र समाजको भलाइकै निम्ति लागिपरेका उपन्यासकार डायमनशमशेर युवावस्थादेखि नै राजनीतिक कार्यकर्ताका रूपमा अघि बढ्दै सामाजिक उत्थानमा सक्रिय भएका थिए । उपन्यास लेखनका साथै क्रिकेट खेल्न पनि रूचाउने राणा मिजासिला र मृदुभाषी व्यक्तिŒव थिए । धेरै बोल्ने स्वभावका राणा कुनै मानिस सँग प्रथम भेट मै चाँडै नजिकिने र घुलमिल हुने फत्यासिला र रमाइला व्यक्ति थिए (गौतम, २०५८ : ५२) ।  आफ्ना कृतिका माध्यमले स्वदेशका साथै विदेशमा समेत चिनिन पुगेका राणाले जर्मनी, भारत, ब्रिटेन, पोर्चुगल, फ्रान्स आदि जस्ता राष्ट्रहरूमा समेत पाईला टेकिसकेका थिए । नेपाली साहित्यको उपन्यास विधामा योगदान पुत्याए मार्फत राणालाई सम्मानित र पुरस्कृत गर्ने क्रममा वि.सं. २०४५ साल भाद्र ४ गत्ते शुभसमूहको चौथो वार्षिकोत्सवका अवसरमा, वि.सं. २०५० मा भारती खरेल पुरस्कारद्वारा, २०५५ असार २९ गत्ते राष्ट्रिय प्रतिभा पुरस्कारद्वारा तथा २०५६ जेठ ८ गत्ते सर्वदा वाङ्मय प्रतिष्ठानद्वारा पनि सम्मानित गरियो । यसका साथै राणालाई २०५७ वैशाख ३१ गत्ते द रेयुकाई नेपाल पाटन शाखा र २०५७ मार्ग १६ गत्ते सनातन धर्म सेवा समितिद्वारा अभिनन्दन गरियो । यसका साथै २०५७ चैत्र २६ गत्ते गणेशमानसिँह अध्ययन प्रतिष्ठान र ०५७ चैत्र ३१ गत्ते कला साहित्य सेवा समाजद्वारा सम्मानित हुँदै १६ सेप्टेम्बर १९९८ इ. का दिन हाउस अफ राजकर्णिकार समूहद्वारा **लाइफ टाइम अचिभ्मेन्ट** बाट अभिनन्दित पनि भए (गौतम, २०५८ : ५२) । राणाले आफ्नो साहित्य साधनामा लाग्दालाग्दै वि.सं. २०६७ साल फागुन २० गत्ते शुक्रबारका दिन यस धर्तिबाट सदाकालागि विदा लिए (शर्मा, २०६७ : ४) । त्यसले गर्दा नेपाली साहित्यको उपन्यास विधामा अपूरणीय क्षति पुगेको छ ।

## ३.३ साहित्य लेखनको प्रेरणा र प्रभाव

उपन्यासकार डायमनशमशेर राणाको औपचारिक शिक्षा प्राप्त गर्ने धोको अधुरो रहेपछि उनले विभिन्न लेखकहरूद्धारा लिखित पुस्तकहरूको अध्ययनमा आफ्नो समय लगाए । राणाको सैनिक सेवाको अनुभव र राणाशासनप्रतिको वितृष्णाको कारणले साहित्य सिर्जना गर्ने प्रेरणा बटुले । विं स. २००३ सालको एकदिन डायमन जर्नेल मदनशमशेर (राणा शासकहरूको रोलक्रममा दशौँ रोलवाला) सँग क्रिकेट खेलिरहेको बेला मदनले आफू सिंहदरबारको एक बैठकमा जानुपर्ने कुरा बताउँदै उनलाई पनि आफूसँगै जान आग्रह गरे । त्यस बैठकमा राणासरकारका उच्च पदस्थ अधिकारीहरू र तत्कालीन बेलायती राजदूतबीच भारतबाट अङ्ग्रेज जाँदा नेपालले के प्राप्त गर्ने भन्ने विषयमा छलफल भइरहेको थियो ( रेग्मी, २०५४ : ४८ ) । अङ्ग्रेज राजदूतले राणालाई सुगौलीसन्धि भङ्ग गरे नेपालको गुमेको भूमि फिर्ता लिन आग्रह गरिरहेका थिए तर राणाहरू दार्जीलिङ जस्ता ठाँउका जनताहरू राजनीतिक रूपले सचेत भएकाले प्रजातन्त्रको माग गरी राणाशासनको अन्त्यका लागि क्रान्ति गर्न सक्छन् भन्दै हामीलाई त्यो भूमि चाँहिदैन भनी अस्वीकार गरिरहेका थिए । बैठकपछि डायमनले त्यस्तो राम्रो मौका चुकाउन हुँदैन भनेर सल्लाह दिए । त्यो कुरा एककान दुईकान मैदान हुँदै राणावृत्त भित्र फैलियो । र राणाहरूले डायमनलाई क्रान्तिकारीको रूपमा हेर्न थाले (प्रधान, २०६१ : ४) । त्यसपछि डायमनको मनमा पनि राणाशासनप्रति वितृष्णा पैदा भयो र उनले आफू राणा हुँदाहुँदैपनि राणा शासनको समाप्ति चाहन थाले । तर उनले नत क्रान्तिकारीहरूलाई नै चिनेका थिए नत उनी राणाहरूका नै प्रिय पात्र बन्न सके । उनले आफूलाई त्यतिबेला एक्लो महशुस गर्न थाले । त्यसैले आफ्नो मनका भावनालाई साहित्य मार्फत अभिव्यक्त गर्ने निश्चय गरी त्यसै अनुरूप साहित्य सिर्जनामा लागे । आफूले सुनेका र भोगेका कुराहरूलाई ऐतिहासिक उपन्यासका माध्यमबाट सफलता पूर्वक अभिव्यक्त गर्न सकिने तथा राणाशासन भित्रका कमी र कमजोरीहरूलाई पनि घुमाउरो पाराले बाहिर प्रकट सकिने भएको ठानी त्यही घटनालाई नै साहित्य साधनाको एउटा प्रेरणा स्रोतको रूपमा लिए ।

प्रो. अनमेश राय चौधरीसँग पढ्दा उनले दिएको प्रेरणाले साहित्य लेखनमा राणालाई अझ हौसला थप्यो । वाल्टर स्कट, सेक्शपियर, प्रेमचन्द, वाईरन, जर्ज बर्नाड शा जस्ता व्यक्तिका कृतिहरू राणाले अध्ययन गर्दथे । उनमा त्यस्तै कृति लेखी प्रसिद्धी कमाउने

चाहना बढ्यो ( घिमिरे, २०३८ : ११) । टुकराज पद्मराज मिश्रका **रजबन्धकी** ( १९९६ ) र **रामकृष्ण कुँवर राणा** (१९९९) जस्ता उपन्यासहरूले पनि राणालाई ऐतिहासिक उपन्यास लेख्ने प्रेरणा दिए । ती सम्पूर्ण प्रेरणाहरू ग्रहण गरी वि.स. २००६ सालमा **वसन्ती** उपन्यास प्रकाशन गरे पनि त्यसवेला नेपालमा राणाहरूकै प्रभुत्व भएकाले एक प्रति पनि बिक्री भएन तर दार्जिलिङ्मा भने करीब दुई सय प्रति बिक्री भयो । यस घटनाले गर्दा नेपालमा तत्कालीन समयमा नेपाली साहित्य तर्फ पाठकहरूको अभिरूचि नभएको कुरा पुष्टि हुन्छ । फलस्वरूप निराश भएर राणा साहित्य सृजना त्यागी पूर्ण रूपमा राजनीतिमै लागे । यसक्रममा वि.स. २०१७ साल पुष १ गत्तेको राजनीतिक परिवर्तनपछि राणा ६ वर्षका लागी नख्खु जेलमा थुनिए । त्यहाँ रहँदा राणाले डा. के. आई सिंह, गिरीजा बाबु, तारणीप्रसाद कोईराला, मदनमणि दीक्षित, पूर्णबहादुर मानन्धर आदि जस्ता साथीहरूको हौसला र प्रेरणाबाट राणा पूनः साहित्य सृजनामा अग्रसर भए (शर्मा, २०४२ : १८), जसको उपज **सेतो बाघ** (२०३०) हो ।

डायमनले यी सम्पूर्ण प्रेरणा र प्रभावहरू ग्रहण गर्दै आफ्नो जीवनकालमा **वसन्ती** ( २००६), **सेतो बाघ** (२०३०), **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **अनीता** (२०४३), **धनको धव्बा** (२०५१) तथा **गृहप्रवेश** (२०५९) जस्ता बहुचर्चित उपन्यासहरूको रचना गरी आफ्नो जीवन अवधि भरिनै नेपाली उपन्यासको ऐतिहासिक यर्थाथवादी धारालाई सवल बनाउने काम गरेको देखिन्छ ।

## ३.४ डायमनशमशेर राणाको औपन्यासिक यात्रा

नेपाली साहित्यका विविध विधाहरूमध्ये डायमनशमशेरले ऐतिहासिक उपन्यासका क्षेत्रमा प्रसिद्धि कमाएको देखिन्छ । आधुनिक नेपाली उपन्यास परम्परामा सुरु भएको आदर्शोन्मुख सामाजिक यथार्थवादी धारा पश्चात् प्रथम ऐतिहासिक यथार्थवादी धाराको सूत्रपात गर्ने श्रेय डायमनशमशेरको **वसन्ती** (२००६) लाई नै जान्छ । हुन त टुकराज पद्मराज मिश्रको **रजबन्धकी** (१९९६) र **रामकृष्ण कुवँर राणा** (१९९९) ऐतिहासिक विषयवस्तुमा आधारित उपन्यास हुन् तर ती इतिहासका थोरै मात्र वर्णन भएका र तत्कालीन सामाजिक पृष्ठभूमि, सूक्ष्म यथार्थ एवं औपन्यासिक कलाको अभाव भएकाले ऐतिहासिक यथार्थवादी धाराको सुरुवात डायमनशमशेरको **वसन्ती** (२००६) बाट नै भएको मानिन्छ (एटम र बराल, २०६६ : १०४) । त्यसले गर्दा **वसन्ती** उपन्यासलाई नै ऐतिहासिक यथार्थवादी धाराको प्रथम उपन्यास मानिन्छ ।

उपन्यासकार डायमन शमशेर राणाको जीवनी र व्यक्तित्वको अध्ययन गर्ने क्रममा कुसुम शर्माले उनको औपन्यासिक यात्रालाई दुई चरणमा विभाजन गरेकी छिन् (शर्मा , २०४२ : २०) ।

क) साहित्यिक यात्राको थालनी र प्रारम्भिक अवस्था –प्रारम्भदेखि २००६ सालसम्म **वसन्ती** प्रकाशन ।

ख) साहित्यिक यात्राको दोस्रो मोड –**सेतो बाघ**को रचना कालदेखि (उनको जेलजीवन, २०१७ सालपछि) **सत्प्रयास** को प्रकाशन २०३८ सम्म ।

माथिको विभाजनमा एकातर्फ अध्ययनकर्ताले गरेको काल विभाजनका उपयुक्त आधारहरूको उल्लेख गरिएको छैन भने अर्कातर्फ उनको अध्ययन समय (२०४२) पछि लेखिएका उपन्यासहरू यसमा समेटिन सकेका छैनन् । तसर्थ उपन्यासकार डायमनशमशेरका २०४२ पछि प्रकाशित भएका उपन्यासहरूलाई समेट्ने गरी भोलानाथ रेग्मीले 'उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास' नामक शोधग्रन्थमा उनको औपन्यासिक यात्रालाई (प्रथम चरण- थालनीदेखि २०३० सम्म) र ( द्वितीय चरण- २०३१ देखि हालसम्म) गरी दुई चरणमा विभाजन गरी अध्ययन गरेका छन् (रेग्मी , २०५४ : ५७–५८) । त्यस्तै राणाको जीवन साहित्यका साथै राजनीतिसँग पनि जोडिएकोले रेग्मीले उनले साहित्य यात्रालाई प्रथम चरण : प्रारम्भदेखि वि.सं. २००६ सालसम्म (लेखकीय राजनीतिक आग्रहमुक्त काल **वसन्ती**) र द्वितीय चरण : वि.सं. २००७ सालदेखि हालसम्म ( लेखकीय राजनीतिक आग्रहयुक्त काल) गरी दुई चरणमा राखेर पनि विभाजन गरी अध्ययन गरेका छन् (रेग्मी , २०५४ : ५७) ।

शारदाकुमारी अधिकारीले पनि '**वसन्ती** उपन्यासको कृतिपरक अध्ययन' नामक शोधपत्रमा राणाको औपन्यासिक यात्रालाई प्रथम चरण (थालनीदेखि वि.सं. २०३० सालसम्म) र द्वितीय चरण (वि.सं. २०३१ देखि हालसम्म) गरी दुई चरणमा विभाजन गरी अध्ययन गरेकी छिन् (अधिकारी , २०६३ : १०) ।

माथिका चरण विभाजनहरू जे जसरी गरिए तापनि राणाको साहित्य यात्राको थालनीदेखि लिएर प्रथम प्रकाशन **वसन्ती** (२००६) र **सेतो बाघ** (२०३०) उपन्यासको प्रकाशनका साथै राणाको वि.सं. २०३४ सालमा **प्रतिबद्ध** प्रकाशन हनेहुँदा २०३३ सालसम्म उनले एउटै ऐतिहासिक धाराको आत्मसाथ गरेको देखिन्छ । त्यसले गर्दा राणाको

साहित्य यात्राको प्रथम चरण सुरुदेखि वि.सं. २०३३ साल सम्म मानिन्छ । त्यस पछिका राणाका **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **अनीता** (२०४३), **धनको धब्बा** (२०५१) र **गृहप्रवेश** (२०५९) जस्ता उपन्यासहरूले सामाजिक ऐतिहासिक मिश्रित धारा अङ्गालेकोले २०३४ देखि २०६७ सालसम्मको समयावधिलाई राणाको साहित्य यात्राको द्वितीय चरण अन्तर्गत राखिएको छ । वि.सं. २०५९ को **गृहप्रवेश** पछि राणाका अन्य कुनै पनि उपन्यासहरू नदेखिएकाले कुसुम शर्मा र भोलानाथ रेग्मीको चरण विभाजन भन्दा केही मात्रामा शारदाकुमारी अधिकारीको काल विभाजन पूर्ण मानिए तापनि राणा २०६७ साल सम्म जीवितै रहेकाले क्षणिक समय समयमा प्रवृत्ति परिवर्तन हने हुँदा र अन्य सबै चरण विभाजनमा कुनै पनि आधार नभएकोले राणाको उपन्यासको प्रवृत्तिगत आधारमा निम्न लिखित दुई चरणमा विभाजन गरी उनको औपन्यासिक यात्रालाई अध्ययन गर्न सकिन्छ ।

(क) प्रथम चरण - सुरुदेखि २०३३ सम्म

(ख) द्वितीय चरण - २०३४ देखि २०६७ सम्म

**(क) प्रथम चरण - सुरुदेखि २०३३ सम्म**

प्रथम चरणमा राणाको उपन्यासलेखनको आभ्यासिक अवस्थादेखि परिपक्व अवस्थासमेत पर्दछ । यस चरणका उपन्यासहरू पूर्णतः ऐतिहासिक विषयवस्तुमा आधारित छन् । उनको साहित्य साधनाको केन्द्रविन्दु उपन्यास क्षेत्र नै हो । "उनले जुद्धशमशेरको अधिनायकवादलाई हिटलरको माध्यमबाट गाली गरी लेखेको लेख 'शारदा' पत्रिकामा प्रकाशित भए पनि त्यो लेख अहिलेसम्म प्राप्त भएको छैन (रेग्मी , २०५४ : ५८) । त्यसै गरी उनले २००७ सालमा स्व. श्री ५ त्रिभुवनको भारतबाट फिर्ती सवारी हुँदा सुनाउन एउटा कविता पनि लेखेका थिए, त्यो पनि प्रकाशित हुन नपाउँदै हरायो (शर्मा , २०४२ : २०) । उनले उपन्यासहरू र यी अप्राप्य लेखहरूबाहेक साहित्यका अन्य विधामा कलम चलाएका छैनन् । उनलाई साहित्यका क्षेत्रमा एक जाज्वल्यमान ताराको रूपमा उदाउन सफल बनाउने विधा उपन्यास नै हो ।

राणाको यस चरणको प्रथम कृति **वसन्ती** उपन्यास (२००६) हो । राणाको औपचारिक शिक्षा पूरा गर्ने धोको मनमै रहे पनि त्यसलाई पूरा गर्न उनले लेखन कार्यलाई अगाडि बढाएका हुन् । उनको साहित्य सिर्जना गर्ने चाहना शेक्सपियर, किट्स, बनार्ड शजस्ताको कृति पढेबाट नै बढ्दै आएको थियो । उनले उपन्यास लेखन कार्यको सुरुआत २००३ सालबाट गरेका हुन् । त्यही वर्ष उनले **वसन्ती** लेखेर सिध्याए तापनि त्यति बेलाको

राजनीतिक परिस्थिति र सामाजिक परिस्थितिले गर्दा प्रकाशन गर्न पाएनन् । त्यसको तीन वर्षपछि आफ्नै प्रयासबाट सो पुस्तकको प्रकाशन गर्न सफल भए (अधिकारी , २०६३ : ११) । त्यति बेला साहित्यको अध्ययन गर्ने पाठक पाउन मुस्किल पर्दथ्यो । त्यसैले उनको पुस्तक बिक्री पनि भएन र चर्चामा पनि आएन । त्यसपछि वनारसमा गएर केही प्रति बिक्री भएको थियो । साहित्य सिर्जनामा लेखकको धारणा र त्यतिबेलाको परिस्थितिले निकटतम सम्बन्ध राख्दछ भने झैं **वसन्ती** मा पनि त्यतिबेलाको शासकीय कलुषित प्रवृत्तिलाई अँगालेर लेखिएको छ । **वसन्ती** पूर्णतः ऐतिहासिक घटनालाई कथानक स्रोत बनाएर लेखिएको राणाको प्रथम र नेपाली उपन्यास विधाको ऐतिहासिक यथार्थवादी धाराको जेठो उपन्यास हो । यसमा जङ्गबहादरको उदय देखाइनुका साथै गगनसिहँ जस्तो देशभक्ति मान्छेको निधनले गर्दा दुखान्तक कथावस्तु रहेको देखिन्छ । त्यसैले यो उपन्यासमा जङ्गबहादुर, गगनसिहँ , वसन्ती, सिलाङ्गे, फत्तेजङ्ग जस्ता पात्रहरू कै सेरोफेरोमा कथानक घुमेको हुनाले **वसन्ती**लाई पूर्णतः ऐतिहासिक उपन्यास मान्न सकिन्छ ।

वि.सं. २००७ सालको राजनीतिक परिवर्तनले डायमनशमशेरमा पनि हलचल मच्यायो । उनले आफ्नो कलमलाई थमाएर राजनीतिप्रति चासो देखाउन थाले । उनी नेपाली कांग्रेसको सक्रिय कार्यकर्ताको रूपमा कार्यरत भइ संलग्न रहे । २०१७ सालमा श्री ५ महेन्द्रको शाही कदमपछि डायमनशमशेर राजनीतिक कार्यकर्ताको रूपमा समातिएर नख्खु जेलमा २०१७ देखि २०२३ सालसम्म करीब छ वर्ष कैद गरिए (कोइराला , २०६७ : ३०) । त्यहाँ रहँदा साथीहरूको प्रेरणाले उनमा पुनः साहित्य लेखनतर्फ ऊर्जा थप्यो । छ वर्षको जेल जीवनमा भोगेका कुराहरू, कोतपर्वबाट भएको जङ्गबहादुरको उदयदेखि १९४२ सालसम्मको नेपालको राजनीतिक इतिहासलाई समेटेर अर्को उपन्यास **सेतो बाघ** (२०३०) लेखे । यसबाट नेपाली उपन्यासजगत्मा आफूलाई एक प्रतिष्ठित व्यक्तिŒवका रूपमा उभ्याउन सफल भए । **सेतो बाघ** उपन्यासमा पनि जङ्गबहादुरको छोरा जगतजङ्ग र श्री ५ सुरेन्द्रकी छोरी शाहज्यादीबीचको प्रेम प्रसङ्गको ऐतिहासिक कथावस्तु छ । केही मात्रामा काल्पनिक कुराले लीपपोत गरे पनि पूर्ण रूपमा ऐतिहासिक कथावस्तु, पात्र, घटना र परिवेशमा लेखिएको उपन्यास **सेतो बाघ** हो । त्यसैले यस चरणमा प्रकाशित भएका राणाका उपन्यासहरू आधुनिक नेपाली साहित्य (उपन्यास) का क्षेत्रमा नवीन शैली र नवीन विचार अङ्गाल्न सफल भएका ऐतिहासिक उपन्यासहरू हुन् (अधिकारी, २०६३ : १२) । फलस्वरूप यस चरणमा राणाका जम्मा दुईवटा मात्र पूर्ण ऐतिहासिक धाराका उपन्यासहरू देखा पर्दछन्

। समग्र रूपमा हेर्दा राणाको औपन्यासिक यात्राको प्रथम चरणमा उपन्यासहरू सङ्ख्यात्मक मात्रा थारै देखिए तापनि गुणात्मकताका दृष्टिले धैरै अगाडि देखिन्छन् ।

**(ख) द्वितीय चरण - २०३४ देखि २०६७ सम्म**

द्वितीय चरणमा राणाको पहिलो चरणमा भन्दा थुप्रै उपन्यासहरू प्रकाशित भएकाले यस चरणलाई उनको उपन्यास यात्राको उर्वरकाल मान्न सकिन्छ । यस चरणमा उनका **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **अनीता** (२०४३), **धनको धब्बा** (२०५१) र **गृहप्रवेश** ( २०५९) जस्ता उपन्यासहरू प्रकाशित भएका छन् । यस चरणका उपन्यासहरूको मुख्य प्रवृत्ति ऐतिहासिक पृष्ठभूमिमा सामाजिक-राजनीतिक विषयवस्तुमा आधारित उपन्यास लेखन हो । पूर्ववर्ती चरणका विशेषता पनि यस चरणमा पूनरावृत्त भएको देखिन्छ । **प्रतिबद्ध** ( २०३४) पञ्चायतकालीन समाज र राजनीतिलाई समेट्दै तत्कालीन समाजकै प्रतिनिधि पात्र नायिका ठूली र नायक दीलिप जस्ता चरित्रलाई टिपेर लेखिएको उपन्यास हो । यो **सेतो बाघ** जत्तिकै सफल उपन्यास बन्न सकेन । यसमा लेखकको आफ्ना विरोधी राजनीतिक समूहप्रतिको आक्रोश सोझै प्रत्यारोपण गरेको हुनाले लेखकले व्यापक आलोचना खप्नु पऱ्यो । उनले पहिलो चरणका उपन्यास जत्तिको ख्याति यस चरणको पूर्वाद्ध उपचरणमा प्राप्त गर्न सकेनन् । त्यसैले ऐतिहासिक उपन्यास लेखनको सट्टा उनी तत्कालीन पञ्चायती व्यवस्थाको विरोध स्वरूप सामाजिक-राजनीतिक उपन्यास लेख्नपट्टि लागे । मिश्रित विषयवस्तुको प्रयोग नै यस चरणको प्रमुख विशेषता हो । त्यसको लगत्तै वि.सं. २०३८ सालमा **सेतो बाघ** को दोस्रो खण्डका रूपमा पूर्ण ऐतिहासिक उपन्यास **सत्प्रयास**को प्रकाशन भयो । यो देव शमशेरको कथावस्तुमा संरचित उपन्यास हो भने देवशमशेरको सत्ताच्यूत भएपछि नै यसको कथानक सामान्य दुःखान्तक रूपमा टुङ्गिन्छ । त्यसले गर्दा **सत्प्रयास** उपन्यासलाई दुःखान्तक कथानक भएको ऐतिहासिक पात्र देव शमशेर कै सेरोफेरो मै घुमेकोले एक पूर्ण ऐतिहासिक उपन्यास मान्न सकिन्छ (अधिकारी, २०६३ : १५) । **सेतो बाघ**को दोस्रो खण्डका रूपमा प्रकाशित भए तापनि **सत्प्रयास**ले त्यत्ति चर्चा पाउन सकेन । त्यसले गर्दा डायमनशमशेरलाई ऐतिहासिक विषयवस्तु भएका उपन्यास लेख्नुको सट्टा ऐतिहासिक पृष्ठभूमिका सामाजिक-राजनीतिक उपन्यास लेखेर तत्कालीन समाज र राजनीतिमा रहेको विकृति र विसङ्गतिको भण्डाफोर गर्ने र आफ्नो अन्तर्हृदयमा रहेको संसदीय व्यवस्थाप्रतिको आग्रहलाई पूर्ण रूपमा उजागार गर्ने थप चाहना बढ्यो । त्यसका फलस्वरूप वि.सं. २०४३ सालमा **अनीता** नामक एक सामाजिक राजनीतिक उपन्यास

प्रकाशित भयो । यसमा २००७ सालको क्रान्तिपूर्वको केही समयदेखि २०१५ सालसम्मको राजनीतिक सेरोफेरोमा सामाजिक विषयवस्तुलाई समेट्दै अनीता मगर र रमेश माझीको सुखान्तक प्रेमकथा रहेको छ । यो मूल रूपमा राजनीतिक विषयवस्तु भएको, त्यसको परिपूरकका रूपमा ऐतिहासिक वातावरण आएको, समाजबाट पात्रहरू टिपिएको एक मिश्रित विषयवस्तु भएको उपन्यास हो । यसबाट राणा पूर्ण रूपमा समाजिक-राजनीतिक उपन्यासको लेखनमा लागेको पुष्टि हुन्छ । पञ्चायतकालीन नेपालको सामाजिक, राजनीतिक, प्रशासनिक व्यवस्था र संसदीय प्रजातन्त्रको विकसित नमुना भएको देश स्विट्जरल्यान्डसँग तुलना गरी लेखिएको उपन्यास **धनको धब्बा** २०५१ सालमा प्रकाशित भयो । धनप्रति सबैको गिद्दे दृष्टिले उब्ज्याएको आशङ्का, अराजक र अविश्वासको स्थितिले चौपट पारेको तथ्य यस उपन्यासमा उल्लेख छ (विवश, २०६३ : १५) । यस उपन्यासको प्रकाशनले राणाले ऐतिहासिक लेखनभन्दा पृथक बाटो अँगालेका हुन कि भन्ने आशङ्का हुन्छ ।  यो उपन्यासले सामाजिक, राजनीतिक र प्रेमविषयक गरी तीन धारा अँगालेको देखिन्छ । त्यस्तै वि.सं. २०५९ सालमा राणा पुनः ऐतिहासिक उपन्यास **गृहप्रवेश** लिएर आउँछन् । यस उपन्यासमा राणाले कथानक, पात्र र परिवेश जस्ता कुराहरू इतिहाससम्मत राखेका छन् । भीमसेन थापाको अन्त्य गराउने कुचाल र जङ्ग बहादुरको उदयको घटनालाई सेरोफेरोमा राखेर यो उपन्यास लेखिएको छ । यसका साथै सेर्बु जस्तो पात्रलाई अघि सारेर यस उपन्यासमा प्रेम, बिरह, आक्रोश, धैर्य, पाखण्ड, साहस जस्ता मानवीय चरित्रलाई चित्रित गर्नु पनि राणाको क्षमता हो । बत्तीस वर्षे भीमसेनको शासनको अन्त्य र जङ्गबहादुरको किन उदय भयो भन्ने कुराको व्याख्या गर्नुका साथै तत्कालीन भेषभूषा, परिवेश, बोली आदि अनेकन सन्दर्भलाई पनि स्वाभाविक रूपले भिœयाएर समय र इतिहासको सग्लो प्रमाण बन्ने दाबी यस उपन्यासले गर्दछ (विवश, २०६३ : १६) । दोस्रो चरणका सम्पूर्ण उपन्यासहरूलाई हेर्दा कुनैले ऐतिहासिक, कुनैले सामाजिक त कुनैले राजनीतिक विषेशताहरू अँगालेकाले यो चरणलाई मिश्रित धाराका रूपमा लिन सकिन्छ । यस चरणमा राणाका सङ्ख्यात्मक मात्रामा धेरै उपन्यासहरू देखिए तापनि गुणात्मक मात्रामा भने खासै नदेखिएकोले राणाको यस चरणलाई साहित्य यात्राको फितलो चरण मानिन्छ ।

डायमनशमशेर राणाका हालसम्म जम्मा सातवटा उपन्यासहरू प्रकाशित भएका छन् ।

विषयवस्तुका आधारमा राणाको औपन्यासिक यात्रालाई मुख्य दुई चरणमा विभाजन गर्न सकिन्छ । प्रथम चरणका **वसन्ती र सेतो बाघ** पूर्ण ऐतिहासिक विषयवस्तुका अनि दास्रो चरणका **प्रतिबद्ध, अनीता र धनको धब्बा** जस्ता उपन्यासहरू ऐतिहासिक पृष्ठभूमिमा सामाजिक राजनीतिक मिश्रित विषयवस्तुका उपन्यासहरू रहे तापनि **सत्प्रयास** र **गृहपवेश** उपन्यासले भने प्रथम चरणकै प्रवृत्ति अँगालेको देखिन्छ ।

### ३.५ उपन्यासकार डायमनशमशेर राणाका औपन्यासिक प्रवृत्तिहरू

डायमनशमशेर राणाका हालसम्म प्रकाशित सातवटा उपन्यासहरूलाई अध्ययन गरी उनका प्रमुख प्रवृत्तिलाई निम्नानुसार चिनाउन सकिन्छ ।

**क) ऐतिहासिक विषयवस्तु**

डायमनशमशेर मूलत : नेपाली उपन्यास विधाका ऐतिहासिक यथार्थवादी धारा अँगालेर कलम चलाउने स्रष्टा हुन् । उनले आफ्ना उपन्यासहरूमा प्राय: ऐतिहासिक कथानक, पात्र र परिवेशलाई आधार बनाएर उपन्यासको रचना गरेका छन् । उनका सबै उपन्यास कुनै न कुनै रूपमा ऐतिहासिक सन्दर्भसँग सम्बन्धित छन् । अझ **वसन्ती, सेतो बाघ, सत्प्रयास र गृहप्रवेश** उपन्यासहरू त झनै पूर्णतः ऐतिहासिक विषयवस्तुमा केन्द्रित छन् । **वसन्ती**(२००६) ऐतिहासिक रक्तपातपूर्ण कोतपर्वको घटनालाई टिपेर लेखिएको ऐतिहासिक उपन्यास हो । गगनसिंहको हत्या पश्चात जङ्गबहादुरको उदयको कथा यस उपन्यासको मूल कथानक हो भने गगनसिंह र वसन्तीबीचको प्रेमप्रसङ्गलाई यस उपन्यासको गौण कथा मान्न सकिन्छ । गगनसिंहको हत्या पश्चात रानीले कोतमा सम्पूर्ण भारदारहरूलाई जम्मा हुने आदेश दिएको बेला त्यहाँ जङ्गबहादुरले गगनसिंह लगायत सम्पूर्ण भारदारको एकै चिहान पारेर शासनसत्ता आफ्नो कब्जामा लिएको कथा नै **वसन्ती** उपन्यास हो । **सेतो बाघ**(२०३०) उपन्यास पनि मूलरूपमा, जङ्गबहादुरका जेठा छोरा जगतजङ्गको कथा रहेको पूर्ण ऐतिहासिक उपन्यास हो । यस उपन्यासको मुख्य विषयवस्तु भनेको वि.सं. १९३८ र १९४२ सालको ऐतिहासिक घटना हो भने यसको समय पनि जङ्गबहादुरको उदयदेखि वीरशमशेरको सत्ताकब्जा (वि.सं.१९४२) सम्म रहेका छ । यस उपन्यासमा जगत र शाहज्यादीबीचको प्रेमप्रसङ्गको चर्चाको पनि कम महŒव छैन् । यसका साथै बयालीस सालमा वीर, खड्ग आदि शमशेर भाईहरू मिलेर आफ्नै काका रणोद्दीप तथा दाजुभाउजू र भतिजाको हत्या गरेको ऐतिहासिक घटना त झनै यस उपन्यासको प्रमुख विषयवस्तु हो । **सत्प्रयास** उपन्यासको समय भनेको देवशमशेरको विकाशविवरणको

दस्तावेज हो (विवश, २०६३ : १४) । वि.सं. १९४२ सालपछि शमशेरहरूको उदयपश्चात देवशमशेरलाई प्रधानमन्त्री बनाइन्छ । अन्य राणा प्रधानमन्त्रीहरूमध्ये देवलाई सुधारवादी मन्त्रीका रूपमा लिइन्छ । उनले एकै दिनमा सयौं विद्यालयहरूको स्थापना गर्नुका साथै सतीप्रथा उन्मूलन जस्ता समाजका विभिन्न सुधारका कामहरू गरेका थिए । त्यसलाई डाह गरी अन्य आफ्नै भाई भारदारहरूले देवलाई सत्ताच्यूत गराएको विषयवस्तु नै यस उपन्यासको मुख्य कथानक हो । त्यस्तै राणाको अर्को उपन्यास **गृहप्रवेश** पनि पूर्णऐतिहासिक विषयवस्तु अँगालेर लेखिएको उपन्यास हो । यसमा भीमसेन थापाको दुःखद अन्त्य र जङ्गबहादुरको चलाखीपूर्ण रूपमा भएको उदयलाई प्रमुख विषयवस्तु बनाइएको छ । यी माथिका चारैवटा उपन्यासहरूमा पूर्णऐतिहासिक विषयवस्तु, पात्र, परिवेश तथा भाषाशैली औपन्यासिक तŒवको उपन्यासकारले सबल रूपमा प्रयोग गरेको देखिन्छ । यसका साथै राणा मूलतः ऐतिहासिक उपन्यासकार भएकाले यी चार उपन्यास बाहेक उनका अन्य उपन्यासहरूमा पनि कहीं न कहीं ऐतिहासिक विषयलाई टपक्क टिपेर सुन्दर ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ । जसले गर्दा राणाको प्रमुख प्रवृत्ति भनेको विषयवस्तुमा ऐतिहासिकता हो ।

**ख) सामाजिकता**

उपन्यासमा प्रयुक्त पात्रहरू समाजबाटै टिपिने हुँदा विषयवस्तु पनि सामाजिक हुनु स्वाभाविकै हो । राणा मूलतः ऐतिहासिक उपन्यासकार भए तापनि उनका केही उपन्यासहरूमा समाजको चैतन्यको आवाज र प्रजातान्त्रिक व्यवस्थाको गुञ्जन भएको पाइन्छ । ऐतिहासिक पृष्ठभूमिका सामाजिक राजनीतिक विषयवस्तु र परिवेशमा रचित उपन्यासहरूले राणाको यस प्रवृत्तिलाई अँगालेको पाइन्छ । राणाको यो प्रवृत्तिलाई मिश्रित प्रवृत्ति भनिन्छ (अधिकारी, २०६३ : १२) । उपन्यास ऐतिहासिक भए पनि त्यसमा समाजको चित्रण हुनु स्वभाविकै हो । राणाका केही उपन्यासहरूमा भने सामाजिक राजनीतिक विषयवस्तुको वृहत्तर रूपमा चर्चा गरेको पाइन्छ । जसलाई प्रस्ट्याउन **प्रतिबद्ध, अनीता** तथा **धनको धब्बा** जस्ता उपन्यासहरूलाई लिन सकिन्छ । **प्रतिबद्ध** (२०३४) उपन्यासमा २०१७ सालपछिको सामाजिक जनजीवनको चित्रण गर्दै भ्रष्टाचार र चाकरी प्रवृत्तिको विरूद्धमा धावा बालिएको छ । प्रजातन्त्र र प्रजातान्त्रिक पद्धतिप्रति प्रतिबद्ध मान्छेको जीवन र उसले व्यहोर्नु परेका घटना तथा सहनु परेका घाउचोटका कहाली लाग्दा तथ्य तथ्याङ्क पनि यस उपन्यासमा प्रस्तुत भएको छ । त्यस्तै राणाको **अनीता (२०४३)** उपन्यासमा पनि सामाजिक रूढीबादी परम्परा बिरुद्धका शसक्त आवाजहरूको अनुगुञ्जन भएको पाइन्छ । राजनीतिक

चेपुवामा परेकी विवश अनीताको पीडादायी पक्षहरू तथा समाजका अनेक विकृतिसँग सामना गर्नु परेका क्षणहरू पनि यस उपन्यासमा समेटिएका छन् । यस उपन्यासकी पात्र अनिता जस्तै समाजमा पिल्सिएर अन्यायमा परेका नारीहरूलाई सङ्घर्षरत रहन यो उपन्यासले एउटा उर्जाको काम गरेको छ । आफ्नो इच्छा बिरुद्ध विवाहबन्धनमा बाँधिएकी अनीताका सङ्घर्षको कथा हो अनीता उपन्यास । परम्परादेखि चलिआएको अन्धपरम्परा र सँस्कारको अन्त्य तथा नयाँ परिस्थितिको सिर्जना हुन सक्छ भन्ने अनीताको प्रयत्न यस कृतिमा रहेको छ । समाजका आदर्श नारीहरूलाई बदनाम गराउन खोज्ने दुष्चरित्र प्रति यस उपन्यासले खबरदारीको औंला ठड्याएको देखिन्छ, जसले गर्दा यस उपन्यासले समाजमा चेतना र परिवर्तनको आवाज अनुगुञ्जन गरेको देखिन्छ । त्यस्तै **धनको धब्बा** (२०५१) उपन्यासले पनि समाजकै अन्यौलपूर्ण अवस्थाको चित्रण गरेको छ । २०१७ सालपछिको नेपालको राजनीतिक विसङ्गतिलाई यस उपन्यासमा मुख्य घटना बनाइएको छ । यस उपन्यासमा धनप्रति सबैको गिद्देदृष्टिले उब्जाएका आशङ्का, अविश्वास र अराजक स्थितिले सर्वत्र चौपट पारेको तथ्य उल्लेख छ । धनप्रतिको मोहलाई देखाउन दोर्जे शेर्पा, ईश्वरी रावल, अञ्जना र दलबहादुर जस्ता सामाजिक पात्रहरूलाई टिपिएको छ । धनप्रति अतिशय मोह र त्यसका परिणतिले निर्माण गरेको अव्यवस्था यस उपन्यासका उल्लेख्य पक्ष हुन् । यही कथ्यमा औपन्यासिक यात्रावृत्त उठान भएको छ । यस उपन्यासले नारी स्वतन्त्रताका सवाल, विपन्नप्रति सहानुभूति दर्शाउँदै लेखकीय संवेदनशीलतालाई पनि प्रस्ट्याउने चेष्टा गरेको छ । समग्र सामाजिक, राजनीतिक, आर्थिक क्षेत्रका विसङ्गत परिदृश्यप्रति व्यङ्ग्य गर्नु पनि यो उपन्यासको उद्देश्य रहेको छ । यसका साथै धनपिचासप्रति घृणाभाव, राजनीतिक अदूरदर्शीता र निकृष्ट स्वार्थी मनोवृत्तिमा यस उपन्यासले तीब्र आक्रोश ओकलेको छ । यी तीनवटा उपन्यासहरूमा समाजका विभिन्न विकृति, विसङ्गतिको प्रस्तुति गर्दै सामाजिक घटना, पात्र र परिवेशको चित्रण गरेकाले राणाको अर्को प्रमुख औपन्यासिक प्रवृत्ति सामाजिकता पनि हो ।

**ग) दुःखान्तीय कथानक**

उपन्यासहरूको कथावस्तुलाई हेर्दा अन्त्यमा बियोगान्त स्थितिमा टुङ्गिने खालका कथावस्तु भएका उपन्यासलाई दुःखान्त र अन्त्यमा संयोगान्त स्थितिमा टुङ्गिने खालका कथानक भएका उपन्यासलाई सुखान्त उपन्यास भनिन्छ । डायमनका सातवटा उपन्यासहरू मध्ये **वसन्ती, सेतोबाघ, सत्प्रयास, प्रतिबद्ध र गृहप्रवेश** गरी पाँचवटा उपन्यासहरूको

कथावस्तु दुःखान्तक रहेका छन् । **वसन्ती** उपन्यासकी प्रमुख पात्र मीठू शहर पसेपछि वसन्तीको रूपमा परिणत भई गगनसिंहको प्रेममा फस्न पुग्छे । यी दुवैको मायाप्रेमको बाधकका रूपमा सिलाङ्गे जस्ता पात्रलाई पनि उभ्याइएको छ । एकदिन पूजा गरिरहेको मौकापारेर कुनै अज्ञात व्यक्तिबाट गगनसिंहको हत्या हुन्छ । यही घटनामा शोकाकुल रानीले कोतमा सम्पूर्ण भारदारहरूलाई सामेली गराउँदा त्यहाँ रक्तपातपूर्ण घटना घट्दै **वसन्ती** उपन्यास टुङ्गिन्छ । त्यस्तै **सेतो बाघ** उपन्यासमा राजपरिवार र राणापरिवारबीचको आन्तरिक द्वन्द्वका साथै राणाहरूबीच आफू आफूमै भएको बाह्य द्वन्द्वलाई देखाइएको छ । राणाहरूमा पनि विषेश गरी जङ्ग खलक र शमशेर खलकबीचको द्वन्द्व नै यस उपन्यासको मुख्य विषयवस्तु हो । यो उपन्यास जगतजङ्ग, श्री ५ शाहज्यादी र नातिजर्नेलको लासमा टुङ्गिन्छ । राणाको अर्को उपन्यास **सत्प्रयास**मा देवशमशेरको वर्णन गरिएको छ । देवशमशेर अन्य राणा प्रधानमन्त्रीहरूमा केही उदार र देशविकासमा लागि पर्ने व्यक्ति थिए । उनले शैक्षिक क्षेत्रमा जोड दिनुका साथै सतीप्रथा उन्मूलन र गोरखापत्र प्रकाशन गर्ने जस्ता महŒवपूर्ण कामहरू गरेका थिए । यस्ता विकाशप्रेमी व्यक्तिलाई पनि आफ्नै भाइहरूद्वारा अड्को थाप्ने काम गरिँदै सत्ताच्यूत गराएर धनकुटा लखेटेपछि यो उपन्यासको अन्त्य पनि हुन्छ । त्यस्तै **गृहप्रवेश** (२०५९) पनि दुःखान्त कथावस्तु भएको उपन्यास हो । यस उपन्यासमा भीमसेनथापाको बत्तीस वर्षे शासनको अन्त्य भएको देखाइएको छ (विवश, २०६३ : १५) । त्यसपछि जङ्गबहादुरको चलाखीपूर्ण उदयको कथा पनि यसमा समेटिएको छ । यसका साथै **प्रतिबद्ध**लाई पनि दुःखान्त उपन्यास मानिन्छ (अधिकारी, २०६३ : ३४) । यी सम्पूर्ण उपन्यासहरूको कथानकलाई हेर्दा राणाको अर्को महŒवपूर्ण प्रवृत्ति दुःखान्तीय कथानक पनि मान्न सकिन्छ ।

**घ) कारुणिकता**

उपन्यासको कथानक दुःखान्तक हुँदाहुँदै पनि कतिपय उपन्यासमा भने पाठकको मनलाई भावुक पार्ने खालको कारूणिक प्रवृत्ति रहेको हुन्छ । राणाका पाँचवटा दुःखान्त उपन्यासहरू मध्ये **वसन्ती** र **सेतोबाघ** उपन्यासमा पाठकको मनमा अत्यधिक करूणा उत्पन्न गराउने करूण रस रहेको छ भने अन्य तीन वटा उपन्यासमा सामान्य खालको दुःखान्तक कथानक रहेकोले ती उपन्यासहरूले पाठकलाई त्यति कारूणिक बनाउँदैनन् । **वसन्ती** उपन्यासमा एकातिर गगनसिंहको हत्याले वसन्तीको मनलाई भावुक बनाएको छ भने अर्को तिर कोतपर्वमा भएको सक्तपातपूर्ण ऐतिहासिक घटनाले पाठकको मनलाई

बिचलित तुल्याएको देखिन्छ । त्यस्तै **सेतोबाघ** उपन्यास पनि दुःखदायी कथावस्तुको सङ्गम हो । यसमा राणाहरूमध्ये पनि शमशेर र जङ्ग खलकबीचको युद्धलाई देखाइएको छ । यसमा अन्त्यमा जङ्ग खलकको पतन भएको देखाइएको छ । यो उपन्यास जगतजङ्ग, श्री ५ शाहज्यादी तथा नातिजर्नेलको कहाली लाग्दो हत्यासँगै टुङ्गिएको छ । राणाका यी दुवै उपन्यासहरूले पथ्थर दिल भएका पाठकलाई सम्म मर्माहत तुल्याउने हुँदा राणाको अर्को महŒवपूर्ण प्रवृत्ति कारूणिकता पनि हो ।

**ङ) देशभक्ति र राजभक्ति**

उपन्यासमा देशभक्तिपूर्ण सन्देश पाठकलाई दिनु पनि राणाको औपन्यासिक कृतिको उद्देश्य रहेको छ । राणाको प्रथम उपन्यास **वसन्ती**मा प्रमुख पात्र गगनसिंहलाई उभ्याएर देशभक्ति र राजभक्तिको सन्देश दिने काम राणाले गरेका छन् । त्यस्तै **सेतो बाघ** उपन्यासमा पनि  जङ्गबहादुरको राजभक्तिप्रति आस्था रहेको देखिन्छ । उनले राजभक्ति देखाउनको लागि श्री ५ सुरेन्द्रलाई बोक्न समेत तयार भएको घटना यस उपन्यासमा छ । "त्यो छातेलाई पर पन्छाएर जङ्गबहादुर आफै श्री ५ सुरेन्द्रलाई बोक्न तम्सिए " (राणा, २०६८ : १७२) । त्यस्तै राणाले देशभक्ति र राजभक्तिको कुरालाई देखाउन "माया सबैको माया भन्दा माथि मेरो देश र राजभक्ति छ" (राणा, २०६८ : १७८) जस्ता वाक्यको प्रयोगबाट प्रमाणित गरिछाडेका छन् । यसका साथै प्रजातन्त्रका पक्षधर पात्र सोमनाथ र देवशमशेरको प्रयोगले **सेतो बाघ** उपन्यासमा केही राष्ट्रप्रेमको खुराक थपेको कुरा हामीलाई महसुस हुन्छ । राणाको अर्को उपन्यास **सत्प्रयास**मा पनि देवशमशेरका माध्यमबाट देशभक्तिको भावनालाई उजागर गराइएको छ । देवशमशेर अन्य राणा प्रधानमन्त्रीहरूमा केही उदार र देशविकासमा लागि पर्ने व्यक्ति थिए । उनले शैक्षिक क्षेत्रमा जोड दिनुका साथै सतीप्रथा उन्मूलन र गोरखापत्र प्रकाशन गर्ने जस्ता महŒवपूर्ण काम गरेर राष्ट्रप्रेमलाई झल्काएका थिए (विवश, २०६३ : १४) । यसले गर्दा राणाको अर्को महŒवपूर्ण प्रवृत्ति देशभक्ति र राजभक्ति पनि रहेको देखिन्छ ।

**च) सरल भाषा शैली**

डायमनका उपन्यासहरू सबैजसो वर्णनात्मकशैलीमा लेखिएका छन् । तृतीय पुरुष प्रधान शैलीमा उपन्यासकारले तटस्थ बनेर घटनाको वर्णन गरेको देखिन्छ । भाषाको प्रयोगका सन्दर्भमा पनि राणा एकदमै सरल भाषा र छोटा संवादका प्रयोक्ता मानिन्छन् । उनले आफ्ना उपन्यासहरूमा सरल, संयुक्त र मिश्र गरी विभिन्न खाले वाक्यको प्रयोग

गरेको पाइन्छ । “आज पनि उनको र जगतको चोटामा भेट भयो” (राणा, २०६८ : २१) जस्ता सरल वाक्यका साथै आफ्ना उपन्यासमा “भाय्‌मस्यु: काजी” (पृ. ३३७) लगायत “गेट अवे यू सिली डग” (पृ. ३४०) जस्ता विभिन्न परिवेश सुहाउँदो स्थानिय भाषाको प्रयोगमा समेत राणा निपुण रहेका देखिन्छन् । राणाले आफ्ना उपन्यासहरूमा सबै पाठकहरूले बुÓने खालका सरल र सामान्य शब्दहरूको प्रयोग गरेको पाइन्छ । यसका अपवादमा उनका उपन्यासहरूमा सँस्कृत तत्सम शव्दका साथै विभिन्न भाषाका आगन्तुक तथा अङ्ग्रेजी शव्दहरूको प्रयोग पनि गरिएको पाइन्छ । राणाले **सेतो बाघ** उपन्यासमा शनैःशनैः(पृ. २१), गारद (पृ. २२२), रिवाज (पृ. ११६), इट इज टू लेट (पृ. १०४), आग्राको कुरा गाग्रासित (पृ. ६८), जुँगा चल्यो कुरा बुÓयो(पृ. २०५), जहाँ कङ्गाल उहीँ चण्डाल(पृ. २७६), अगुल्टाको मारमा परेको कुकुर बिजुलीदेखि तर्सिन्छ (पृ. ८७), कि हस्तिनापुरको रजाइँ कि चपरीमुनिको बास (पृ. ९०), मह काढ्नेले हात चाट्छ (पृ. ९८), ढेङ्गा खोज्दा देउता पाउनु (पृ. १३६), चित्त चाउरिनु (पृ. १८८), चित्त दुखाउनु (पृ. १८८), मन मार्नु (पृ. ३२५), पटापट (पृ. ३०), थचक्क (पृ. ८३), जुरूक्क (पृ. १३५) आदि जस्ता विभिन्न संस्कृत, अङ्ग्रेजी शब्दका प्रयोगका साथै विभिन्न उखानटुक्का तथा अनुकरणात्मक शब्दहरूको प्रयोग गरेको देखिन्छ । यसका साथै उनले आफ्नो अर्को उपन्यास **वसन्ती**मा पहिचान (पृ. ८), तहवील (पृ. ४५), तूफान (पृ. ७६), कसुर (पृ. ९३) लालसा (पृ. ५), अधर (पृ. ६), उच्छ्वास (पृ. १२), प्रलोभित (पृ. १३), अभीष्ट (पृ. १४), दृष्टिगोचर (पृ. १६) संस्कृत तत्सम शब्दको प्रयोगका साथै मनको लड्डु घिउसित खानु (पृ. ३५), उहिलेका कुरा अस्ति नै खुइले (पृ. ३९), ढुंगा खोज्दा देउता पाउनु (पृ. ७), मुटुमा किला धस्नु (पृ. १२), अकबरी सुन भए जलपको के आवश्यकता (पृ. ५३), बढारेर फाल्नु पर्ने धूलो हावाले उडाउनु (पृ. ६७), दूधको साक्षी बिरालो (पृ. ९८) जस्ता विभिन्न अनुकरणात्मक शब्दहरू तथा विविध उखान टुक्काहरूको प्रयोग गरी राणाले उपन्यासको भाषालाई सबल र सक्षम बनाउने काम गरेका छन् । यसले गर्दा राणाको अर्को प्रवृत्ति भाषाको सुन्दर र सरल प्रयोग गर्दै वर्णनात्मक शैलीमा उपन्यासको सिर्जना गर्नु पनि रहेको छ ।

यी माथिका प्रवृत्तिहरू बाहेक राणाका उपन्यासहरूमा प्राकृतिक सुन्दरताको वर्णन, राजनैतिक व्यङ्ग्य, सामाजिक कु–सँस्कार र काल्पनिकता आदि जस्ता प्रवृत्तिहरू पनि देखिन्छन् । यी केही प्रवृत्तिहरूलाई बुँदागतरूपमा तल उल्लेख गरिएकोछ :

- प्रस्तुतिमा जीवन्तता र घटनाक्रममा स्वाभाविक वर्णन भएको;
- तत्कालीन सामाजिक परिवेश, राजनीतिक तथा आर्थिक व्यवस्थाको चिरफार गरिएको, पात्र सेर्बु (पुतली महारानी) लाई अघि सारेर प्रेम, विरह, आक्रोश, धैर्य, सहनशीलता, पाखण्ड, साहसजस्ता सम्पूर्ण मानव चरित्रलाई उदाङ्गो पारिएको छ । प्रकृतिको सुन्दरमय वर्णन, बैंसमा आउने कुतकुती, जङ्गलमा सेर्बु र जङ्गबहादुरको बीचमा होस् या दरबारमा गधापच्चीसेको आसपासको महाराज र महारानीको जीवन्त चरित्र बनेको;
- राष्ट्रभक्ति, राजभक्ति प्रदर्शनमात्र नभई मुलुकको सर्वोपरि विकासदेखि लिएर राजसंस्था र जनताको भूमिकासम्मलाई समेटिई चित्रण गरिनु;
- सामाजिक विकासको दर्शन बनेर आउनु;
- जनतालाई अधिकार दिलाई शक्ति सम्पन्न बनाउने, शिक्षित, सचेत र सजग बनाउने कर्तव्यबोध गराउनु;
- ऐतिहासिक कुराभन्दा पृथक् कुरालाई उपन्यासकारले निर्धक्कसँग पोख्न नडराउनु;
- तत्कालीन ठेट शब्दहरूको प्रयोग गरिनु; उत्कृष्ट कलाकारिताले परिपूर्ण हुनु; देख्दा सानो भए पनि इतिहास, विज्ञान, प्रेम, यौन, प्रकृति, कुरीति, पाखण्ड, नैतिकता, अनैतिकता जस्ता सम्पूर्ण फाँटलाई लिएर पाठक सामु प्रस्तुत हुनु; स्वयं लेखकले नै भनेका छन् "यो कोरा इतिहास होइन, ऐतिहासिक उपन्यास हो ।" कल्पनाको सहायताले सत्यतथ्यको सन्निकट पुग्ने प्रयास गरिनु; कुनै पात्रको नाम, थर काल्पनिक हुनु र घटना रोमाञ्चित आदि ।

## ३.६ निष्कर्ष

डायमनशमशेर राणा (वि. सं. १९७५ देखि २०६७)को जन्म राणा परिवारमा भए तापनि उनले चाहे जति शिक्षा आर्जन गर्न सकेनन् । उनका पितालाई समय समयमा बडाहाकिम भएर काठमाडौं बाहिर जानु पर्ने भएकाले दिगो रूपमा आफ्नो पढाईलाई कायम राख्न पाएनन् । ट्यूसनका भरमा शिक्षा ग्रहण गरेका राणालाई गुरु अनिमेश राय चौधरी र साथीहरूबाट मिलेको प्रेरणा र हौसलाले केही लेखेर नाम कमाउनु पर्छ भनी महŒवाकांक्षी बनायो । त्यसै क्रममा **वसन्ती** (२००६) को जन्म भयो । **वसन्ती** उपन्यासको प्रकाशनका कारण आएका अड्चनले गर्दा तत्कालीन शासकहरूको अधीनमा रही केही सिर्जनात्मक

कार्य गर्न सकिँदैन भनी डायमनशमशेर साहित्य छाडी राजनीतिमा लागे । यसरी उनी राजनीतिक पृष्ठभूमिमा उत्रेर प्रजातन्त्र ल्याउनमा अग्रसर भए । त्यसका फलस्वरूप २००७ सालको क्रान्तिमा उनले पनि भाग लिए । वि.सं. २०१७ सालमा मन्त्रीमण्डलको भएको भङ्गका कारण धेरैजसो नेताहरूसँगै राणा पनि समातिएर नख्खु जेलमा कैद गरिए । जेलमा रहँदा नै उनले **सेतो बाघ** उपन्यास लेखे र पछि त्यो २०३० सालमा प्रकाशित भयो । यो उपन्यास उनका उपन्यासहरू मध्ये सर्वाधिक सफल रहेको छ । यसपछि समाजको यथार्थ परिप्रेक्ष्यमा रही लेखिएको उपन्यास **प्रतिबद्ध** (२०३४)को असफलताले गर्दा नेपाली पाठकहरूलाई ऐतिहासिक विषयवस्तु प्रिय रहेको अनुभव गरी राणाले पुनः ऐतिहासिक विषयवस्तु अँगाली **सत्प्रयास** (२०३८) लेखे जसलाई **सेतो बाघ**को दोस्रो खण्ड मानिन्छ । **वसन्ती** को हिन्दी र **सेतो बाघ** उपन्यासको विभिन्न भाषामा भएको अनुवादले गर्दा ती उपन्यास विश्व साहित्यमा परिचित हुन पुगेका छन् । ऐतिहासिक पृष्ठभूमिमा रहेर सामाजिक राजनीतिक विषयवस्तुलाई अँगालेर राणाले **अनीता** (२०४३) उपन्यास प्रकाशन गरी चर्चा कमाए । त्यसै गरी **धनको धब्बा** (२०५१)उपन्यासले पनि त्यही सामाजिक राजनीतिक विषयवस्तु अँगाल्यो । राणाको औपन्यासिक यात्राका साथै जीवनकै अन्तिम उपन्यास **गृहप्रवेश** (२०५९) हो । राणाले प्रथम उपन्यास **वसन्ती**कै विषेशता अँगाल्दै ऐतिहासिक कथावस्तु, पात्र तथा परिवेशको प्रयोग गरेर **गृहप्रवेश** उपन्यास प्रकाशित गरेका हुन् । ऐतिहासिक यथार्थवादी उपन्यासको विकासमा डायमन शमशेरको अतुलनीय योगदान रहेको छ ।

## परिच्छेद पाँच

# सारांश र निष्कर्ष

### ५.१ सारांश

सम्भ्रान्त राणापरिवारमा जन्मेर पनि डायमनशमशेर राणा (वि.सं. १९७५-२०६७) ले चाहेजति शिक्षा आर्जन गर्न सकेनन् । आफ्ना पितालाई समय-समयमा बडाहाकिम भएर काठमाडौं बाहिर जानु परेकाले दिगो रूपमा उनले पढाइलाई कायम राख्न पाएनन् । ट्यूसनका भरमा शिक्षा ग्रहण गरेका राणालाई गुरु अनिमेष राय चौधरी र साथीहरूबाट मिलेको प्रेरणा तथा हौसलाले केही लेखेर नाम कमाउनुपर्छ भनी महŒवाकांक्षी बनायो । त्यसै क्रममा नेपाली उपन्यास प्ररम्पराकै बिछट्टै विषयलाई लिएर **वसन्ती** (२००६) को लेखन भयो । यो उपन्यास नेपाली उपन्यास परम्परामा ऐतिहासिक यथार्थवादी धारालाई अँगाल्ने पहिलो उपन्यास हो । राणाले राजनैतिक क्षेत्रमा संलग्न हुँदै दोस्रो उपन्यास **सेतो बाघ** (२०३०) को लेखन पनि गरेको देखिन्छ । यो उनको जीवन भरिकै धेरै धनआर्जन गर्ने उपन्यास हो, जुन धेरै भाषामा समेत अनूदित भइसकेको छ । त्यसै गरी राणाका **प्रतिबद्ध** (२०३४), **सत्प्रयास** (२०३८), **अनीता** (२०४३), **धनको धब्बा** (२०५१) र **गृहप्रवेश** (२०५९) गरी अन्य पाँचओटा उपन्यासहरूको पनि क्रमशः लेखन र प्रकाशन भएको देखिन्छ । सातवटा उपन्यासका धनी राणाले जीवनभर छिट्फुट रूपमा पत्रपत्रिकाहरूमा सामान्य लेख रचना बाहेक आफ्नो कलम उपन्यास विधामा चलाएको देखिन्छ । आधुनिक नेपाली उपन्यास परम्परमा  पनि उनले नौलो विषवस्तु लिएर ऐतिहासिक यथार्थवादी धाराको प्रवर्तन गरेकाले पनि राणालाई नेपाली उपन्यास परम्पराका प्रथम ऐतिहासिक उपन्यासकार र विशिष्ट प्रतिभा मानिन्छ ।

नेपाली उपन्यास परम्परामा सर्वप्रथम ऐतिहासिक वियवस्तुलाई यथार्थको धरातलमा लिएर देखा परेका राणाको **वसन्ती** (२००६) उपन्यास कै शिल्प र संरचनाका साथ **सेतो बाघ** (२०३०) उपन्यास देखापरेको छ । **सेतो बाघ** उपन्यासका कथावस्तुलाई त्रियालीस परिच्छेदहरूमा वितरित गरिएको छ । जगतजङ्ग र शाहज्यादीको प्रेमालापका साथै शमशेर

र जङ्ग खलकबीचको द्वन्द्वको विषयलाई लिएर लेखिएको देखिन्छ । यसको कथावस्तु सरल र रैखिक ढाँचाको छ भने कथावस्तुको श्रृङ्खला आदि, मध्य र अन्त्य गरी मिलेको देखिन्छ ।

**सेतो बाघ** बहुपात्रीय संरचित उपन्यास हो । यो ऐतिहासिक उपन्यास भएकाले यहाँका पात्रहरू मूलतः इतिहास सापेक्ष छन् । यति हुँदाहुँदै पनि यस उपन्यासमा प्रशस्त काल्पनिक पात्रहरू भेट्न सकिन्छ । यस उपन्यासमा करीब एकसय सोह्रवटा मानवीय पात्रहरूको प्रत्यक्ष उपस्थिति रहेको देखिन्छ  भने करीब सत्ताइसवटा मानवीय पात्रहरू परोक्ष रूपमा आएका छन् । यसका साथै हात्ती, घोडा, कुकुर, दूरवीन जस्ता मानवेतर पात्रको पनि यो उपन्यासमा झल्को पाउन सकिन्छ । यहाँका पात्रहरूलाई पात्र वर्गीकरणको सौद्धान्तिक आधारमा वर्गीकरण गरेर हेर्दा अनुकूल र प्रतिकुल, प्रमुख, सहायक र गौण, गतिहीन र गतिशील, बद्ध र मुक्त, व्यक्तिगत र वर्गीय, नारी र पुरुष, काल्पनिक र ऐतिहासिक तथा नेपथ्य र मञ्चीय सबै खालका पात्रहरू रहेको देखिन्छ । नारी र परुष पात्रहरूमा पनि राणा तथा राजपरिवारका पात्रहरूले उच्च वर्गीय व्यक्तिको प्रतिनिधि गरेको पाइन्छ  भने दरबारिया नोकरचाकरका प्रतिनिधित्व गर्ने खालका पात्रहरू पनि यस उपन्यासमा छरपष्ट भेट्न सकिन्छ । यस्ता नोकरचाकर तथा नर्तकीहरूको इतिहासमा कतै सत्य नाम फेला नपर्ने  हुँदा यिनीहरू प्रायः काल्पनिक पात्रका रूपमा आएका देखिन्छन् ।

**सेतो बाघ** उपन्यासको पात्र संयोजनको सम्बन्धमा सबभन्दा मुख्य कुरा भनेकै अरिस्टोटलको उच्चवर्गीय पात्र-पात्रालाई नायक-नायिकाका रूपमा प्रयोग गर्नुका साथै कथानक पनि दुःखान्तक हुनु हो । यो उपन्यासमा धेरै पात्रहरूको प्रयोग गरे तापनि स्रष्टाले पात्रहरूलाई राम्रोसँग समायोजन गरेको देखिन्छ । यसले गर्दा यसको पात्रविधान सबल छ भन्न सकिन्छ । यसमा जगतजङ्ग तथा श्री ५ शाहज्यादीलाई नायक नायिकाको रूपमा उभ्याइएको छ भने देवशमशेर बाहेक वीर, खड्ग, धीर लगायत सम्पूर्ण शमशेर खलकलाई असत् पात्रको प्रतिनिधिका रूपमा उभ्याइएको छ । यसका साथै यहाँ नारी पात्रहरूले पनि खलनायिकाको काम गरेको देखिन्छ । जसको उदहारणका लागि श्री ५ कान्छी महारानी र बागकी मैयाँलाई लिन सकिन्छ । यस उपन्यासका पात्रहरूले आआफ्नो भूमिका सबल रूपले निर्वाह गरेका छन्, जुन पात्र संयोजनको अर्को विशेषता हो ।

**सेतो बाघ** उपन्यासमा जगतजङ्ग जस्तो आदर्श पति, शाहज्यादी जस्ती आर्दश पत्नी, जङ्गबहादुर जस्तो राजभक्त, सोमनाथ तथा देवशमशेर जस्ता प्रजातन्त्रप्रेमी पात्र,

त्रैलोक्य जस्तो चतुर, केशर र भोला जस्ता चाप्लुसि, रणोद्दीप जस्तो विवशतामा फसेका पात्र, धनहजुरी जस्तो सौतेनी पीडाले ओतप्रोत पात्र, जङ्गबहादुरका अन्य भाइहरू जस्ता भातृस्नेही पात्र, धीरका सत्र भाइ छोराहरू (देव बाहेक) जस्ता गोत्रहत्यारा तथा षड्यन्त्रकारी सबै पात्र-पात्रहरूको संयोजन यस उपन्यासमा गरिएको छ । यसका साथै उपन्यासमा भूमिकाको आधारमा प्रमुख र सहायक भन्दा गौण पात्रहरूको उल्लेख बढी मात्रामा गरिएको छ । यहाँ प्रत्यक्ष भूमिकामा रहेका मञ्चीय पात्रका साथै अप्रत्यक्ष रूपमा आएका परोक्ष पात्रहरूको पनि नाम उल्लेखित छ । यस उपन्यासमा उच्चवर्गीय पात्रका साथै दरबारमा काम गर्ने नोकरचाकर तथा नर्तकी, द्वारेहरूको पनि उपस्थिति रहेको देखिन्छ । उपन्यासको ( समाख्याता) मुखपात्र सोमनाथ पण्डित भएकाले तृतीय पुरूष दृष्टिविन्दुको वर्णनात्मक शैलीमा उपन्यास रचित छ । उपन्यासमा शाहज्यादी र जगतजङ्गको प्रेम पर्दाको बेला, रणोद्दीपले जगत्लाई श्री ३ महाराज बनाउने बारे सोचेको बेला, शमशेरहरूले षड्यन्त्र रच्दाका बेला गरी विभिन्न आन्तरिक द्वन्द्वको चित्रण गरिएको छ । यसका साथै रणोद्दीपसिंह, जगतजङ्ग, शाहज्यादी र नातिजर्नेललाई हत्या गर्ने बेलाको बाह्य द्वन्द्वको पनि यँहा चित्रण गरिएको छ । जसले गर्दा यो उपन्यास पात्रविधानका साथै द्वन्द्व विधानका दृष्टिले पनि सबल रहेको छ ।

उपन्यासलाई स्वाभाविक र विश्वसनिय तुल्याउन पात्रानुकूल भाषा बोलीको प्रयोग गरिएको पाइन्छ । यस उपन्यासमा पनि लक्ष्मीले बोलेको नेवारी समुदायको लवज तथा च्याङ्बाले बोलेका तामाङ भाषाको लबजको प्रयोगले राणाले उपन्यासलाई भाषाशैलीको दृष्टिले सबल बनाएका छन् । स्थानिय भाषा र बोलीको प्रयोगले पनि उपन्यासलाई जीवन्त तुल्याउन मद्दत गर्दछ । कतै कतै कवितात्मक र आलङ्कारिक भाषाको प्रयोग भेटिए तापनि सरल र सुवोध्य गद्यशैली नै प्रस्तुत उपन्यासको भाषिक विशेषता हो ।

**सेतो बाघ** उपन्यासको परिवेशलाई हेर्दा थापाथलीदरबारको सेरोफेरोमा अधिकांश घटना घटे पनि स्वयम्भू डाँडा, रणोद्दीपसिंहको निवास, बेलायती राजदूतावास, पूर्व धनकुटाको दुई नम्बर, पथ्थरघट्टा आदि ठाँउहरूमा पनि घटना घटेका छन् । यसका साथै यस उपन्यासमा आएका अप्रत्यक्ष परिवेशहरू तिब्वतका कुती, केरूङ्ग, शिकारजोङ, ल्हासा, इलाहावाद जेल, काशी तथा युरोपेली मुलुकका विभिन्न स्थानहरू रहेकाछन् । यो उपन्यासले करीब वि.सं. १९११ सालदेखि वि.सं. १९४२ सालसम्मको करीब एकतीस वर्षको

कालखण्डलाई ओगटेको देखिन्छ । यो उपन्यासले हत्या र षड्यन्त्रको इतिहास बाकेको छ । तिमी यदि शक्तिमा आयौ भने तानाशाह चाँही नहुनु किनकी तिम्रो वंशले नै त्यसको दुराभाव पहिले भोग्नुपर्छ भन्नु नै यो उपन्यासको मुख्य सन्देश हो ।

## ५.२ निष्कर्ष

समग्रमा भन्नु पर्दा प्रथम ऐतिहासिक उपन्यासकार डायमनशमशेर राणाको **सेतो बाघ** उपन्यास नेपाली उपन्यास परम्पराकै उत्कृष्ट नमूना हो । यस उपन्यासका भित्र अत्याधिक पात्रको प्रयोग भए तापनि राणाले पात्रको समायोजन सबल र सक्षम रूपमा गरेका छन् । उपन्यास ऐतिहासिक भए पनि समाजबाट टिपिएका जाली, हत्यारा, षड्यन्त्रकारी तथा चाप्लुसी प्रवत्तिका पात्रहरूलाई संयोजन गरिएको छ । यसका साथै गरीब, अनपढ, दरबारीय नोकरचाकरहरू, चाकरी बजार्ने निम्नवर्गीय पात्रहरूको प्रयोगले त झनै उपन्यासको पात्रविधानलाई सबल तुल्याएको देखिन्छ । उच्चवर्गीय पात्रहरूको प्रयोगका साथै यो उपन्यासमा हात्ती, घोडा, कुकुर, तथा दूरवीन जस्ता मानवेतर पात्रको प्रयोग गर्नु पनि राणाको पात्रविधानलाई  सबल बनाउने अर्को प्रमाण हो । यसरी **सेतो बाघ** उपन्यासका सम्पूर्ण पात्रहरूलाई उपयुक्त भूकिमा दिइएको छ । यो विश्लेषणबाट पात्रलाई जुन भूमिकामा उतारिएको छ, ती पात्रहरूले आफ्नो भूमिका सबल रूपमा निर्वाह गरेको देखिन्छ । यसका साथै पात्रहरूले आफूलाई दिइएको संवादहरू पनि राम्रोसँग बोलेको यहाँ देखाइएको छ, जुन पात्रसंयोजनका दृष्टिले सबल पक्ष हो । यसरी **सेतो बाघ** उपन्यासका पात्रहरूलाई चरित्रचित्रण गर्ने क्रममा वैशिष्ट्य निरूपण र मूल्याङ्कन गरेर हेर्दा यसका पात्रहरू सबल र सक्षम रहेका देखिन्छन् । यो नै **सेतो बाघ** उपन्यासको पात्रविधान हो ।

## ५.३ संभावित शोधशीर्षकहरू

(क) **'सेतो बाघ'** उपन्यासको कृतिपरक अध्ययन

(ख) **'सेतो बाघ'** उपन्यासको परिवेशविधान

(ग) भाषाशैलीका दृष्टिले **'सेतो बाघ'** उपन्यास

# सन्दर्भग्रन्थसूची

**सन्दर्भ सामग्री :**

(क) **नेपाली पुस्तकसूची**


अधिकारी, कोमलनाथ, (अनु.) (२०२३) **साहित्य दर्पण**, काठमाडौं : रोयल नेपाल एकेडेमी ।

अर्याल, दुर्गाप्रसाद (२०६९), *सेतो बाघको सङ्क्षिप्त अध्ययन,* **डायमनशमशेर चिन्तन र चित्रण**

सम्पा. जीवनचन्द्र कोइराला, काठमाडौं : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी ।

घर्ती, दुर्गाबहादुर (२०६७), **मनोविश्लेषणात्मक उपन्यासमा पात्रविधान,** काठमाडौं : साझा प्रकाशन ।

चाम्लिङ, गुमानसिंह (२०४०), **अरिष्टोटल र उनको काव्यकारिता,** काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

ज.ब.रा., पुरुषोत्तमशमशेर (२०६५), **श्री ३ हरूको तथ्य वृत्तान्त** (भाग–१), चौथो संस्क., काठमाडौं : विद्यार्थी पुस्तक भण्डार भोटाहिटी ।

त्रिपाठी, वासुदेव (२०५८), **समालेचनाको सिद्धान्त परम्परा** भाग–२, दोस्रो संस्क., काठमाडौं :

साझा प्रकाशन ।

थापा, हिमांशु (२०४७), **साहित्य परिचय**, तेस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

दीक्षित, कमलमणि (२०६८), परिचय, **सेतो बाघ**, पन्ध्रौं संस्क., काठमाडौं : रत्न पुस्तक भण्डार ।

नेपाल, घनश्याम (२०४४), **आख्यानका कुरा**, सिलगढी : नेपाली साहित्य प्रचार समिति ।

पोखरेल, टीकाराम (२०६८), *सन्दर्भ : डायमनशमशेर राणा* **ऐतिहासिक उपन्यास सिद्धान्त र स्वरूप,** ललितपुर : डायमनशमशेर राणा साहित्यिक प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण तथा अन्य, सम्पा., (२०५०), **नेपाली बृहत शब्दकोश**, पुनर्मुद्रणकाठमाडौं :

नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०६१), **नेपाली उपन्यास र उपन्यासकार**, चौथो संस्क., काठमाडौं : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि**, दार्जिलिङ : दीपा प्रकाशन ।

बराल, ईश्वर र अन्य . सम्पा., (२०५५), **नेपाली साहित्यकोश**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

बराल, ऋषिराज (२०५६), **उपन्यासको सौन्दर्यशास्त्र,** काठमाडौं : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** तेस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

भण्डारी, हेमचन्द्र (२०६५), *सैद्धान्तिक आधारमा डायमनशमशेरको सेतो बाघ,* **आख्यानकार डायमन**, सम्पा., ऋषिराम पाण्डे र छायादत्त न्यौपाने, ललितपुर :डायमनशमशेर साहित्यिक प्रतिष्ठान ।

भट्टराई, गोविन्दप्रसाद (२०३९) **भरतको नाट्यशास्त्र**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

भट्टराई, घट्टराज (२०४०) **प्रतिभै प्रतिभा र नेपाली साहित्य**, काठमाडौं : नेश्नल रिसर्च एसोसियट्स ।

भट्टराई, गोविन्दराज (२०६५), *सेतो बाघको सिंहाबलोकन र मायिक यथार्थवादका पुनर्पठन,* **आख्यानकार डायमन**, सम्पा., ऋषिराम पाण्डे र छायादत्त न्यौपाने, ललितपुर :डायमनशमशेर साहित्यिक प्रतिष्ठान ।

राणा, डायमनशमशेर (२०६८), **सेतो** बाघ, पन्ध्रौं संस्क., काठमाडौं : रत्न पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *ऐतिहासिक उपन्यासकार डायमनशमशेर राणा,* **डायमनशमशेर**

**चिन्तन र चित्रण**, (सम्पा.), जीवनचन्द्र कोइराला, काठमाडौं : कर्मयोगी बद्रीविक्रम थापा स्मृति सेवागुठी ।

शर्मा, तारानाथ (२०५१), **नेपाली साहित्यको इतिहास**, तेस्रो संस्क., काठमाडौं : नवीन प्रकाशन ।

शर्मा, बालचन्द्र (२०३३), **नेपालको ऐतिहासिक रूपरेखा**, तेस्रो संस्क., वाराणसी : कृष्णकुमारी देवी ।

शर्मा, मोहनराज (२०४८), **शैली विज्ञान**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

शिवाकोटी, रमा (२०६२), **उपन्यास सिद्धान्त र विजय मल्लको उपन्यासकारिता**, काठमाडौं : भृकुटी एकेडेमी पब्लिकेसन्स ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास परम्परा र प्रवृति**, दोस्रो संस्क., काठमाडौं : साझा प्रकाशन ।

**(ख) हिन्दी पुस्तकसूची**

चुघ, सत्यपाल (सन् १९७३), **प्रमचन्दोत्तर उपन्यासकी शिल्पविधि,** इलाहावाद : लोक भारती प्रकाशन ।

प्रकाश, कैलाश (सन् १९६२), **प्रेमचन्द्र पूर्व हिन्दी उपन्यास**, दिल्ली : हिन्दी साहित्य संसार ।

प्रसाद, विश्वनाथ (सन् १९७३), **कला एवं साहित्य प्रवृत्ति और परम्परा**, पटना : विहार हिन्दी ग्रन्थ अकाडमी ।

फोस्टर, ई. एम. (सन् १९८२), **उपन्यासके पक्ष,** अनु., भार्गव श्रीमती राजुल, जयपुर : राजस्थान हिन्दीग्रन्थ अकाडमी ।

वर्मा, धीरेन्द्र तथा अन्य (सम्पा.) (सन् १९८५), **हिन्दी साहित्यकोश,** भाग १, तेस्रो संस्क., वाराणसी : ज्ञानमण्डल लिमिटेड ।

**(ग) अङ्ग्रेजी पुस्तकसूची**

Abrams, M.H. (2000), **A Glossary of Literary Terms**, **7th** Edn., Singapore : Harcourt Asia PTE. Ltd .

Cuddon, J.A. (1992), **Penguin Dictionary of Literary Terms and Literary Theory**, 3rd Edn., London : Penguin books Ltd .

Eysencks, H.J. and Others, eds. (1972), **Encyclopedis of Psychology**, Vol.1, London : Search Press.

Harvey, W.J. (1965), **Character and the Novel**, London : chhatto and Windus .

Hudson, William Henry (1994), **An Introduction to the Study of Literature**, 9th Edn., New Delhi : Kalyani Publishers .

Lodge, David (1992), **The Art of Fiction**, London : Penguins Books Ltd .

Murray, James A.H. and Others (1933), **Oxford English Dictionary** vol.2 and vol.7, London : Oxford university Press .

Scholes, Robert and Others (1997), **Elements of Literature**, 4th Edn., New york : Oxford University Press .


**(घ) संस्कृत पुस्तकसूची**

आप्टे, वामन शिवराम (सन्.१९६९), **संस्कृत हिन्दी शब्दकोश**, दोस्रो संस्क., दिल्ली : मोतीलाल बनारसीदास पब्लिसर्स प्रा.लि. ।

धनञ्जय (वि.सं. २०१९), **दशरूपकम्** : व्याख्या व्यास भोलेशङ्कर, दोस्रो संस्क., वाराणसी : चौखम्वा विद्याभवन ।


**ङ) अप्रकाशित शोधपत्रहरू**

अधिकारी, शारदाकुमारी (२०६३), **वसन्ती** उपन्यासको कृतिपरक अध्ययन, अप्रकाशित शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय ।

गौतम, समीना (२०५८), विभिन्न कोणबाट **सेतोबाघ**को विश्लेषण र मूल्याङ्कन, अप्रकाशित शोधपत्र, काठमाडौं : पद्मकन्या क्याम्पस ।

बराल, टीकाहरि (२०६३), **सुम्निमा** उपन्यासको पात्रविधान, अप्रकाशित

शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय ।

मगर, बलबहादुर (२०६६), **मुलुकबाहिर** उपन्यासमा पात्रविधान, अप्रकाशित शोधपत्र, काठमाडौं : त्रि–चन्द्र बहुमुखी क्याम्पस ।

रेग्मी, भोलानाथ (२०५४), **उपन्यासकार डायमनशमशेर राणाका ऐतिहासिक उपन्यास**, अप्रकाशित शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय ।

शर्मा, कुसुम (२०४२), **डायमनशमशेरको जीवनी व्यक्तित्व र कृतिको विश्लेषण**, अप्रकाशित शोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग त्रिभुवन विश्वविद्यालय ।

श्रेष्ठ, पर्शुराम (२०६२), **नरेन्द्रदाइ** उपन्यासमा पात्रविधान, अप्रकाशित शोधपत्र, काठमाडौं : त्रि–चन्द्र बहुमुखी क्याम्पस ।

(च) **पत्रपत्रिकासूची**

अधिकारी, शिव (२०५०), *डायमनशमशेर राणा लिपिवद्ध क्रान्तिको इतिहास,* **सुरुचि साप्ताहिक**,  माघ २४, सम्पादकीय पृष्ठ ।

आचार्य, सन्तोष (२०५३), *नेपालको नाम विश्वसाहित्यमा छैन,* **साप्ताहिक**,(जेठ १८) ।

उप्रेती, गङ्गाप्रसाद (२०३५), *प्रसङ्ग* **प्रतिवद्ध***को चर्चा* **वसन्ती** *र* **सेतो बाघ** *समेतको,* **रूपरेखा**, (वर्ष १९, अङ्क ८,  पूर्णाङ्क २१२, पुस), पृ. ९–२० ।

कोइराला, कुमारप्रसाद (२०६३), *डायमनशमशेरको औपन्यासिक सफलता,* **मधुपर्क**, (वर्ष ३९, अङ्क ११, पूर्णाङ्क ४५४, चैत्र), पृ. ९–१२ ।

कोइराला, तुलसीहरि (२०६७), *लेखकस्वबाट बाँचेको एक्लो साहित्यकार,* **मधुपर्क**, (वर्ष ४३, अङ्क ३, पूर्णाङ्क ४९४, साउन), पृष्ठ ३६ र ३७ ।

गोरखापत्र समाचारदाता (२०६७), *उपन्यासकार राणाको निधन,* **गोरखापत्र**, (फाल्गुन २१), मुखपृष्ठ ।

घिमिरे, कृष्णचन्द्र (२०३८), *उपन्यासकार डायमनशमशेरसँग लिइएको अन्तर्वार्ता,* **अरूणोदय**, (

वर्ष १८, अङ्क २, श्रावण–भाद्र–आश्विन ), पृ. १०–१७ ।

दाहाल, नरबहादुर (२०३४), *एउटा भेटघाट* **सेतोबाघ***का डायमनशमशेरसँग,* **साहित्य सङ्केत**,

(वर्ष ९, अङ्क ९), पृ. २०–२७ ।

नेपाली, चित्तरञ्जन (२०३१), *ऐतिहासिक पृष्ठभूमिमा* **सेतोबाघ**, **रूपरेखा**, (वर्ष १५, अङ्क ४, पूर्णाङ्क १६०, भाद), पृ. ५–८ र ४८–६३ ।

पन्त, नयनराज (सहायक दिनेशराज) (२०३१), **सेतो बाघ***को ऐतिहासिक परीक्षा,* **रूपरेखा**, ( वर्ष

१५, अङ्क १, पूर्णाङ्क १५७, जेठ), पृ. ९–४० ।

पोखरेल, माधवप्रसाद (२०३९), *डायमनशमशेरका उपन्यास,* **जूही**, (वर्ष ५, अङ्क १, पूर्णाङ्क २),

पृ. ८६-१०३ ।

भट्टराई, देवेन्द्र (२०६७), *अस्ताए इतिहासका साक्षी,* **कान्तिपुर**, (फाल्गुन २१), पृ. २ ।

विवश, ज्ञानेन्द्र (२०६३), *'ऐतिहासिक उपन्यास र डायमनशमशेर राणा'* , **मधुपर्क,** (वर्ष ३९, अङ्क ११, पूर्णाङ्क ४५४, चैत्र) पृष्ठ १३–१५ ।

शर्मा, तारानाथ (२०३०), *नेपालीका दुईवटा ऐतिहासिक उपन्यास,* **मधुपर्क**, ( वर्ष ६, अङ्क ८, पौस) पृ. ४१–४८ ।

शर्मा, सन्तोष (२०६७), *रहेनन* **सेतोबाघ**, **नागरिक**, (फाल्गुन २१ गत्ते) पृ. ४ ।